Immon-kenah, S. 1983. *Narratives Fiction: Contemporary Politics.* Longman: Methuen.

*Informal Sector Service Centre.* 2003 April. Vol. 5, No.2.

Josiance, Racine and Jean-luc Recine 2004. "Beyond silence: A Dalit-life History in South India". In A. David and B. Stuard (eds.), *Telling Lives in India.* New Delhi: Permanent Black.

Kakar, S. 1989. *Intimate Relation: Exploring Indian Sexuality.* New Delhi: Viking.

Karki, A and B. Bhattarai (ed.), 2003. *Whose War? Economic and Socio-cultural Impacts of Nepal's Maoist-Government Conflict.* Kathmandu: NGO Federation of Nepal.

Karki, A. and D. Seddon D.2003. *The People's War in Nepal: Left Perspectives.* New Delhi: Adroit.

Kumar, Krishna. 2002. *Prejudice and Pride.* New Delhi: Penguin Books.

Labov, W. 1972. *Language in the Inner City.* Philadelphia: Philadelphia University Press.

Leijeune, Philippe. 1975. *Le pacte autobiographique.* Paris: Seuil.

Luintel, Samira, 2001a "The Social World Of Nepalese Women", *An Occasional Paper in Sociology And Anthropology,* Vol. VII, Kathmandu.

Luintel, Youberaj. 2001b. "Exclusion, the Politics of Location and Women 's Property Rights Debates in Nepal". *An Occasional Paper in Sociology and Anthropology,* Vol. VII, Kathmandu.

Mahat, Ram Sharan. 2005. *In Defense of Democracy: Dynamics and Faultlines of Nepal's Political Economy.* Delhi: Adroit.

Maithereyi, Krishnaraj 2005. "Research in Women Studies: Need for a Critical Appraisal". *EPW,* July 9.

Mohantay, C.T. 1991. "Under Western Yes: Feminist Scholarship and Colonial Discourses". In CT Mahanty, A Russo, L Torres, *Third World Women and Politics of Feminism* (eds.), as cited in loomington/Indian-apolis: Ind.univ.press.

Moniot, H. 2004. "Lhistorie des peoples sans histoire". In Le Golf and Nora (eds.), *Faire de L'Histoire,* 1:106-23. Cited in Josiance Racine and Jean-luc Racine.

*Nepal Human Development Report.* 1989. Kathmandu: South Asia Study Centre.

Panday, Devendra Raj. 1999. *Nepal's Failed Development: Reflections on the Mission and the Maladies.* Kathmandu: Nepal South Asia Study Centre.

Pradhan–Malla, Sapana. 2001. "Women Inherent Right". In L. K. Manandhar and K.B. Bhattachan (eds.), *Gender and Democracy in Nepal.* Kathmandu: Central Dept. of Home science-women studies programme.

Sharma, Mandira and Dinesh Prasain 2004. "Gender Dimensions of The People's War". In Michael Hutt (ed.), *Himalayan People's War: Nepal's Maoist Rebellion.* London: Hurst & Co.

*Space Times.* May 27, 2003

Stri Shakti Sanghatana. 1989. *We are Making History: Women in the Tilngana Struggles.* New Delhi: Kali for women.

Thapa, Manjushree 2005. *An Elegy for Democracy: Forget Kathmandu.* New Delhi: Penguin Viking.

*The worker,* February 1999. Times special, Nepali times.com/issue268/ceasefire-roundup-1htp.

# फत्तेपुर, सप्तरीका मुसहरहरू : सामाजिक र आर्थिक परिवेश तथा समावेशीकरणको मुद्दा

नानीराम खत्री

## पृष्ठभूमि

तराईको सप्तरी जिल्ला, फत्तेपुर गा.वि.स.मा बसोबास गर्ने मुसहरहरूको सामाजिक र आर्थिक परिवेश तथा समावेशीकरणको मुद्दा अन्तर्गत मूलत: जातीय पहिचान, उत्पत्ति र इतिहास, सामाजिक स्वरूप र संगठन, धार्मिक विश्वास, चाडपर्व र संस्कारहरू, सांस्कृतिक परम्परा र आधुनिकीकरणको प्रभाव, जातीय प्रविधि र अर्थतन्त्रका विशेषताहरूका साथै राष्ट्रिय मूल प्रवाहमा समाविष्ट हुन नसक्नुका कारकतत्वहरू, त्यसका लागि सरकारद्वारा प्रत्याभूत गरिनुपर्ने नीति तथा कार्यक्रमहरू बारे प्रकाश पार्ने प्रयत्न यस लेखमा गरिएको छ ।

हिन्दू वर्णाश्रम व्यवस्थामा दलितहरूलाई शूद्र वर्गमा राखिएको र अछूत मानिएको छ । दलित आयोगको बुलेटिन (२०६०) ले मुसहरहरूलाई तराईका दलित जातमध्ये एकमा गणना गरेको छ । तदनुरूप यहाँ जातीय सिद्धान्तले उब्जाएका विभेदका सम्बन्धमा विद्वान्हरूका व्याख्या तथा विश्लेषणहरूलाई उल्लेख गर्नु सान्दर्भिक हुन आउँछ ।

जात एक सामाजिक एकाई हो जसलाई हिन्दु समाजमा वंशज, विवाह र पेशाको आधारमा वर्गीकरण गरेको पाइन्छ । जातका सन्दर्भमा विभिन्न विद्वान्हरूले विभिन्न प्रकारले व्याख्या गरेका छन् :

डचुमो (Dumont 1980) ले हिन्दुहरूमा 'जात' को अवधारणा कम्तिमा पनि दुई हजार वर्षदेखि विद्यमान रहँदै आएको कुरा उल्लेख गरेका छन् । डचुमोले आफ्नो कृतिमा 'जात' को जटिल सिद्धान्त र ती सिद्धान्तहरूको प्रचलनको विषयमा विस्तृत रूपले व्याख्या गर्दै जात प्रणालीलाई सम्पूर्ण रूपमा एक धार्मिक र नैतिक प्रणालीका सम्बन्धको उपजको रूपमा विश्लेषण गरेका छन् ।

घुरे (Ghurye, 2000) का विचारमा जात भनेको 'भारतीय आर्य संस्कृति अन्तर्गतको ब्राह्मनिक (Brahmenic) शिशु हो जो गंगाको झोलुङ्गो (भूमि) मा हुर्किएर सम्पूर्ण भारतमा फैलियो ।' उनका अनुसार पहिले आर्य र शूद्रका बीच जुन विभेद थियो त्यो अहिले आएर द्विज र शूद्रमा परिणत भई हिन्दू समाजमा चोखो (शुद्ध) र विटुलो (अशुद्ध) बीचको विभेद बढ्दै गएको कुराको चर्चा गरेका छन् ।

श्रीनिवास (Srinivas, 1962) ले जातलाई धर्म र राजनीतिको सन्दर्भमा जोडेर व्याख्या गरेका छन् । उनले जातको व्याख्या गर्दा दुइटा अवधारणालाई मुख्य रूपले उजागर गरेको पाइन्छ । ती हुन्- प्रवल जात (Dominant Caste) र सांस्कृतीकरण (Sankritization) ।

स्मिथ (Smith, 1986) ले जातका तीन वटा मुख्य विशेषता (Characteristics) बारे उल्लेख गरेको पाइन्छ । ती तीन विशेषताहरू- (१) तह तह परेको वर्गीकरण

*Contributions to Nepalese Studies,* Vol. 33, No. 2 (July 2006), 249–274
Copyright © 2006 CNAS/TU

(Hierarchy), (२) आर्थिक परनिर्भरता (Economic Interdependence) (३) चोखो/पवित्र/शुद्ध (Pure) र विटुलो/अशुद्ध (Impure) को अवधारणा अनुरूप हिन्दू समाजमा गरिएको विभाजन र विभेद । उनका अनुसार चोखो वा शुद्ध वर्ग माथिल्लो तहका भएकाले विटुलो वा अशुद्ध वर्गमा राखिएकाहरू चोखाहरूबाट अलग रहनु पर्ने र उनीहरूमा आश्रित रहनुपर्ने प्रचलन रहेको कुरा उल्लेख गरेका छन् ।

वि.सं. २०२० को मुलुकी ऐनले नेपालमा छुवाछुत प्रथा उन्मूलन गरेको भएता पनि व्यवहारमा उन्मूलन भएको छैन । माथिल्लो जातसँग दलितहरूको पानी, भातभान्सा र विहावारी वर्जित छ ।

सन् १९९१ ई.को जनगणनादेखि नै मुसहरहरूलाई तराईका दलितहरूमध्ये एकमा समावेश गरिएकाले यस सन्दर्भमा छोटकरीमा चर्चा गर्नु उपयुक्त देखिन्छ । दलित भित्र कुन कुन जातिहरू पर्दछन् भन्ने कुरामा केही विवाद भए पनि सन् १९९१ को जनगणनाले दलित भित्र पर्ने जातिहरूमध्ये वादी, गाइने, कामी, सार्की, दमाई, खत्वे, लोहार, दुसाध, मुसहर र चमार गरी १० दलित जातिहरू र उनीहरूको कुल जनसंख्या २,२०१७८१ (११.९%) उल्लेख गरेको छ । त्यस्तै सन् २००१ को जनगणनाले दलितभित्र पर्ने जातिहरूमा वादी, गाइने, कामी, सार्की, दमाई, वाँतर, धोवी, दुसाध, खत्वे, मुसहर, पासवान, चिडिमार, तत्मा, चमार, डुम र हलखोर गरी १६ थरीका दलितहरूको कुल जनसंख्या २,६७५,८१७ (११.६०%) जनाएको छ । दलित आयोगको बुलेटिन (२०६२) ले नेपालमा पहाडे र तराई दलित गरी २८ थरीका दलितहरू रहेको तथ्यांक प्रस्तुत गरेता पनि सन् २००१ को जनगणनाले चाहिँ १६ थरीका दलितहरूको तथ्यांक प्रस्तुत गरेको छ । तीमध्ये तराईका ११ थरी दलितहरू वाँतर, धोवी, दुसाध, खत्वे, चिडीमार, तत्मा/ताँती, मुसहर, चमार, पासवान, डोम र हलखोर परेका छन् । तराईमा दलितहरूको जनसंख्या १९९१ को २६.४% बाट २००१ मा ३७.३% हुन आएको छ । सन् २००१ मा थप पाँच थरी दलितहरू (वाँतर, तत्मा, चिडिमार, डोम र हलखोर) को पहिचान भएको थियो । तराईका दलितहरूमध्ये जनसंख्याका हिसाबले चमार पहिलो स्थानमा र मुसहर दोश्रो स्थानमा छन् । अर्थात् सबभन्दा बढी जनसंख्या चमारहरूको छ भने त्यसपछिको जनसंख्या मुसहरहरूको छ । यस अध्ययनको केन्द्रविन्दु मुसहरहरू भएका हुनाले नेपालमा उनीहरूको जनसांख्यिक विवरण, वसोवास र विस्तार आदि वारे उल्लेख गर्नु सान्दर्भिक देखिन्छ ।

मुसहरहरूको कुल जनसंख्या सन् १९९१ मा १,४१,९८० रहेकोमा २००१ मा १,७२,४३४ हुन पुग्यो । जसमा वृद्धिसंख्या ३०४५४ (२१.४%) छ । १९९१ मा १६ जिल्लाहरूमा मुख्य रूपमा वसोबास गर्ने मुसहरहरू सन् २००१ को जनगणनासम्मको एक दशकको अन्तरालमा आइपुग्दा ४० जिल्लाहरूमा फैलिएका भए तापनि झापा, मोरङ्ग, सुनसरी, उदयपुर, सप्तरी, सिराहा, सर्लाही, धनुषा, महोत्तरी, रौतहट, सिन्धुली, वारा, नवलपरासी, रूपन्देही, पर्सा गरी १५ जिल्लाहरूमा उल्लेख्य रूपमा बसोबास गरेको देखिन्छ ।



अध्ययन क्षेत्र सप्तरी जिल्लामा सन् १९९१ मा मुसहरहरूको जनसंख्या २२९३५ (४.९२%) रहेको थियो भने सन् २००१ मा २९७३६ (५.२१%) रहेको छ । यस जिल्लाका दलितहरूमध्ये मुसहरको जनसंख्या सबैभन्दा बढी रहेको छ ।

त्यस्तै गरेर प्रस्तुत अध्ययन क्षेत्र, फत्तेपुर गा.वि.स. मा २००१ को जनगणना अनुसार मुसहरहरूको जनसंख्या ६४६ (६.३४%) रहेको छ । यस गा.वि.स.मा पनि दलितहरूमध्ये मुसहरको जनसंख्या सबैभन्दा बढी रहेको छ ।

तराईका दलितहरू मध्ये दोश्रो स्थानमा रहेका मुसहरहरू सामाजिक र आर्थिक रूपले अत्यन्त पिछडिएका छन् । मुसहर समाज आफ्नै परम्परागत मौलिक संस्कृतिले भरिपूर्ण भएता पनि मुसहर सम्बन्धी अध्ययन ज्यादै न्यून छन् । जे जति अध्ययन भएका छन् ती पनि तराईमा बसोवास गर्ने जाति/जनजातिहरूका बारेमा भएका अध्ययनहरूमा नै सीमित रहेका छन् । त्यसमा मुख्य गरी गेज (१९७५) ले पहाडीमूलका र तराईका बासिन्दाहरू बीच एकअर्कालाई बुझ्ने कुरामा खाडल रहेको हुनाले राष्ट्रिय एकीकरणमा बाधा उत्पन्न भएको निष्कर्ष निकालेका छन् । रजौरे (१९९७) ले दाङ्गका थारुहरूको विस्तृत सामाजिक-आर्थिक विश्लेषण गरेका छन् । झा (१९९३) ले नेपालमा तराई समुदाय र राष्ट्रिय एकीकरण विषयमा अध्ययन गरेका छन् । वर्घार्ट (१९९६) ले जनकपुरको मिथिला संस्कृति सम्बन्धमा विस्तृत अध्ययन गरेका छन् । मुसहरहरू बारे अध्ययनहरू भने हुँदै नभएका चाहिँ होइनन् । दाहाल (१९७८) ले पूर्वी तराईका भारतीय आप्रवासीहरूको अध्ययनका क्रममा मुसहरहरू बारे संक्षिप्त चर्चा गरेका छन् । त्यस्तै थोमस कक्स (१९९४) ले बादीहरूको अध्ययन गर्ने क्रममा मुसहरहरूबारे संक्षिप्त चर्चा गरेका छन् । दाहाल र क्षेत्री (२०५३) ले पूर्वी तराईका ६ जिल्लाहरूका मुसहरहरूको सामाजिक-आर्थिक अवस्था बारे अध्ययन गरेका छन् । गौतम (२०४५) ले मुसहरहरूको सामाजिक परम्परा बारे एक लेख प्रकाशित गरेका छन् । त्यस्तै गरेर समाजशास्त्र/मानवशास्त्रका विद्यार्थीहरूले एम.ए. शोधपत्र लेखनको क्रममा मुसहरहरूबारे केही अध्ययनहरू गरेका छन् । दवाडी (२०५१) ले सुनसरी वक्लौरी गा.वि.स. का मुसहरहरूको सामाजिक-आर्थिक अवस्था, अर्याल (१९९७) ले रामनगर मिर्चैयाका मुसहरहरूको सामाजिक-आर्थिक अवस्था, पोखेल (१९९७) ले मोरङ्ग जिल्ला खाजी कोभराका मुसहरहरूको सामाजिक आर्थिक अवस्था, कर्माचार्य (१९९९) ले सुन्दापुर गा.वि.स. उदयपुर जिल्लाका मुसहरहरू, दुलाल (२०५८) ले डाँगीहाट गा.वि.स. र वाहुनी गा.वि.स. मोरङ्गका मुसहरहरूको सामाजिक-आर्थिक अवस्था, मण्डल (२००१) ले सप्तरी जिल्लाका मुसहरहरूको सामाजिक-आर्थिक अवस्था बारे अध्ययन गरेका छन् । तैपनि यी सबै अध्ययनहरू अप्रकाशित रहनुका साथै सामाजिक-आर्थिक अवस्थाको प्रस्तुतीकरण र विश्लेषणमा मात्र केन्द्रीत छन् । मुसहरहरूको राष्ट्रिय मूलप्रवाहमा समावेशका दृष्टिकोणबाट भने हालसम्म कुनै अध्ययन भएको छैन ।

इतिहासका विभिन्न कालखण्डमा नेपाल प्रवेश गरेका मुसहरहरूले तराईको जंगल फँडानी गरी "रस्ती रसाउने वस्ती बसाउने" कार्यको शुभारम्भका साथै जमिन्दारहरूका भूमि (कामत) मा रही कृषि श्रमको आपूर्ति गर्ने कार्यमा जुन

योगदान गरेका छन्, त्यो अतुलनीय छ । तैपनि तराईका अधिकांश मुसहरहरू भूमिहीन हुनु, घरबास नहुनु, नागरिकताबाट वञ्चित रहनु अत्यन्त दु:खलाग्दो कुरा भएकाले उनीहरूलाई राष्ट्रिय मूलधारमा समाविष्ट गर्न उनीहरूका सामाजिक, आर्थिक अवस्था बारे अध्ययन अनुसन्धान हुनु नितान्त आवश्यक छ । साथै तराईका धेरैजसो गा.वि.स.हरू जनसंख्या वृद्धिका कारणले दिनानुदिन नगरीकरणतर्फ उन्मुख छन् । यस्ता परिवर्तनले तराईमा बस्ने पिछडिएका जात जाति वा दलितहरूलाई कस्तो प्रभाव परेको छ ? भन्ने कुरा थाहा पाउन सकिएको छैन । अध्ययन क्षेत्र फत्तेपुर जमिन्दारहरूको प्रियथलो थियो । हाल आएर यो गा.वि.स. विद्यालय, हेल्थपोष्ट, बिजुली, टेलिफोन, यातायात र बजारको सुविधाले गर्दा नगरीकरणतर्फ उन्मूख छ । यसर्थ फत्तेपुर, सप्तरीमा बसोवास गर्ने मुसहरहरू पनि यस्ता प्रभावबाट प्रभावित भएकाले उनीहरूको सामाजिक, आर्थिक परिवेश र मूल प्रवाहमा समावेश बारे यो लेख केन्द्रित छ ।

## सामाजिक परिवेश

**मुसहर जातीय पहिचान, उत्पत्ति र ऐतिहासिक पृष्ठभूमि:** मुसहरहरू को हुन् ? भन्ने बारे विद्वान्हरूले आ-आफ्नै धारणाहरू राखेका छन् । क्रुकका अनुसार मुसहरहरू द्रविड हुन् (क्रुक, १९८७: १२) । घुरिये (१९६१) ले मुसहरहरूका शारीरिक विशेषताहरू प्राग-द्रविड प्रकार (Pre Dravida Type) सँग मिल्दोजुल्दो भएकाले उनीहरूलाई प्राग-द्रविड प्रजाति (Pre Dravida Race) अन्तर्गत समाविष्ट गर्न जोड दिएका छन् (घुरिये, १९६१: १२७) । रविन्द्रनाथ मुकर्जी (१९९२) ले रजवार र मुसहर दुवै प्रजातीय दृष्टिकोणले श्याम प्रजातीय तत्वसँग सम्बन्धित छन् तर यो प्रजातीय तत्व कस्तो छ? त्यसबारे मतभेद छ भन्दछन् (मुकर्जी, १९९२: ४७३) । दाहालले मुसहर शूद्र वर्णभित्र पर्ने एक जाति हो; नेपाली आर्य समाजभित्र यिनीहरूले छोएको भान्सा पानी चल्दैन र यो जाति आर्यहरूले कामको आधारमा वर्गीकरण गरेको वर्ण व्यवस्थाभित्र अनार्य वा 'दस्यू' बाट शूद्र वर्णमा भित्रिएको हुनु पर्दछ भन्ने कुरामा जोड दिएका छन् (दाहाल, २०५३ : १६) । डोर बहादुर विष्टकाअनुसार भारतमा पाइने चराचुरुङ्गी मारी खाने घुमन्ते जातिको एक शाखाको रूपमा विकसित र विस्तारित भएको यो जाति नेपालमा कृषि मजदुरी गरेर जीवन निर्वाह गर्ने खत्वे जातिको रूपमा चिनिन्छ । यो जाति अन्य जातिको विवाहमा डोली बोक्ने र माटोको काम गर्न सिपालु मानिन्छ (विष्ट, १९७६: ११३) । डिल्लीराम दाहाल चाहिँ मुसहर जातिलाई तराईका खत्वे, चमार, दुसाध, बाँतर र डोम जस्तै छुन नहुने तल्लो वर्गको हिन्दू जाति मान्दछन् (दाहाल, १९७८: ११३) । श्रीकान्त शर्माले मुसहरहरूलाई मिथिलाका शतशुद्रक जातिभित्र पर्ने अछुत जातिको पंक्तिमा राखेका छन् (शर्मा, १९५३: १८) ।

नेसफिल्ड (१९८५) ले मुसहरहरूलाई मुसेरा (Mushera) लेखेका छन् । मुसेरा (Mushera) शब्दले सामान्य रूपमा मुसा समात्ने (Rat catcher), भन्ने अर्थ लाग्दछ । तर Rat-catcher र Rat eater भन्नु गलत अर्थ लाग्दछ किनकि यो नै उनीहरूको



स्थायी विशेषता होइन (क्रुक, १९८७: १२-३७) । रिजले (१८९१: ११३) ले भारतीय मुसहरहरू छोटा नागपुरका भूइयाँ जनजातिकै एक हाँगा (Offshoot) हुन् भन्ने कुरा बताएका छन् । कसै कसैले मुसहर शब्दले (मासु+ हेरा)= मुसेरा (मासु हेर्ने, शिकारी) भन्ने अर्थ लाग्दछ भनेका छन् । रिजले (१८९१: ११३) भने मुसा+ हर = "मुसहर" शब्दको अर्थ मुसा समात्ने र मुसा खाने भन्ने मान्दछन् ।

नेपालको सन्दर्भमा मुसहर जाति माटो खन्ने, स्वतन्त्र मजदुरी गर्ने, अरुको घरमा हरूवा, चरुवा बस्ने, जमिन्दारहरू कहाँ श्रम गर्ने, मुसा समात्ने र खाने (Rat traper/eater) जातिको रूपमा परिचित छन् । अहिले पनि मुसहरहरू धान काटिसकेको खेतमा गएर मुसाको दुलो खनेर मुसाले थुपारेको धान बटुल्ने, मुसा मार्ने र खाने कार्य गर्दछन् ।

नेपालका मुसहरहरूले आफूलाई सदा, ऋषभदेव, माझी, मण्डल भन्न रुचाउँछन् । अध्ययन क्षेत्रमा तिरहुतिया थरका मुसहरहरूको बाहुल्यता रहेको पाइयो । तिरहुतिया (तिरहुत स्थान विशेषबाट नाम रहन गएको) थरका मुसहरहरू आफूलाई सबभन्दा उच्च ठान्दछन् र अन्य थरका मुसहरहरूलाई तल्लो स्तरका ठान्दछन् । तिरहुतिया थरका मुसहरहरूले अन्य थरका मुसहरहरूले छोएको खाँदैनन् । तिरहुतिया थर हुने मुसहरहरू भित्रै कुलदेवता फरक हुने मध्ये विहेवारी चल्दछ ।

मुसहरहरूको शारीरिक आकृति हेर्दा तराई क्षेत्रमा थारु, खत्वे, केवट, माली आदिसँग मिल्दोजुल्दो देखिन्छ । मुसहरहरूको शारीरिक आकृति श्याम वर्ण, बाक्लो ओठ, सानो साँगुरो निधार, ठूलो थेप्चिएको नाक, चहकिला ठूला आँखा भएको हुन्छ ।

जनकपुर पूर्वका मुसहरहरू मैथिली र त्यहाँका थारू भाषा बोल्दछन् भने जनकपुर पश्चिमकाले भोजपुरी तथा यस क्षेत्रको थारू भाषा बोल्दछन् । अध्ययन क्षेत्रका मुसहरहरू ठेठी मैथिली (थारू भाषा र मैथिली भाषा मिश्रित) भाषा बोल्दछन् । मुसहर पुरुष तथा महिला नेपाली भाषा बोल्नेहरूसँग पनि ठेठी मैथिली भाषा बोल्दछन् । नेपाली र हिन्दी थोरैले मात्र बुझ्दछन् ।

मुसहरहरूको उत्पत्तिको सन्दर्भमा विभिन्न लोककथाहरू (legends) प्रचलित छन्:

प्रमुख सूचनादाता मडर मलरु सदाले मुसहरहरूको उत्पत्तिको कथा यसरी बताउँछन् "सर्वप्रथम परमेश्वरबाट सबै जातिको पहिलो मानवको सृजना भयो। परमेश्वरबाट सृजना भएका हरेक मानवलाई चढनको निमित्त घोडा र काम गर्नको निमित्त यन्त्र (tool) दिइयो । मुसहर बाहेक अरुले यन्त्र र घोडा लिए र घोडा चढेर गए । मुसहरहरूले चाहिँ पाइतला राख्नको निमित्त घोडाको पेटमा एक जोडी प्वाल पारे । यस्तो मूर्खतापूर्ण कार्य देखेर परमेश्वरले उनीहरूलाई पृथ्वीमा खनेर मुसा निकाल्ने र मुसामा नै निर्भर रहन आदेश दिए । जब परमेश्वरले खाद्यान्न रित्याए मुसहरहरूले टपरी चाट्न थाले । त्यो देखेर परमेश्वरले मुसहरहरूलाई तल्लो दर्जामा झारे र सदैव टपरी चाट्न परोस् भन्ने श्राप दिए । त्यसैले मुसहरहरूलाई तल्लो दर्जामा झारियो । यसैले मुसहरहरूमा घोडा निषेधित (taboo) प्राणी मानिन्छ ।" यो

लोककथा भारतीय मुसहरहरूको सन्दर्भमा रिजले (१८९१: १२३) ले उल्लेख गरेको लोककथासँग मिल्दोजुल्दो देखिन्छ ।

जनश्रुतिअनुसार नेपालका मुसहरहरू आफूहरू रामायणका रचयिता वाल्मिकी ऋषिका सन्तति भएको ठान्दछन् (श्रेष्ठ र प्रधान १९७५; गौतम र थापा मगर १९९४) ।

फत्तेपुरका मुसहरहरू आफ्ना पुर्खाहरूको उत्पत्तिको कथा सभर जनजाति, शैनी र शुकल ऋषि अनि दिना र भद्री जस्ता कुलदेवतासँग जोड्दछन् ।

पहिलो किंवदन्तीअनुसार "मुसहरहरूका पुर्खाहरूको उत्पत्ति भिल्ल जनजातिबाट भएको हो । राजा भिल्लका सन्तान सबुरी मुसहर्नी (भिल्लिनी) का घरमा रामचन्द्र र लक्ष्मण वनवासको लागि प्रस्थान गर्ने क्रममा आइपुगे । भिल्लिनी साह्रै गरीब भएका कारण घरमा आएका पाहुनाको सत्कारका निमित्त नजिकको वयरको रुखबाट वयर टिपी ल्याएर सत्कार गर्न खोज्दा वयर काँचो देखा परेको हुनाले गुलियो छ कि छैन भनी हेर्न चाख्दै राख्दै गर्दा वयर जुठो हुन गएको र त्यही जुठो वयर रामचन्द्रले खाएको कुरा रामायणमा उल्लेख भएकोले मुसहरहरूको उत्पत्ति रामायणकाल भन्दा अगाडिदेखि नै अस्तित्वमा आएको हुनु पर्दछ भन्ने बताउँदछन् ।" यो कथा नेर्सफिल्ड (१९८५) ले उल्लेख गरेको भारतीय मुसहरहरूको पुर्खाको कथा सभर जनजातिसँग मिल्दोजुल्दो छ । त्यस्तै गरेर पासवान (२०५३) ले उल्लेख गरेको राजा भिल्लका सन्तान मुसहर जातिसँग पनि मिल्दोजुल्दो छ ।

दोश्रो किंवदन्ती भने शैनी र सुकल नाम गरेका ऋषिसँग जोडिएको छ । मुसहर जातिमा शैनी र सुकल नाम गरेका दुइ ऋषिहरू थिए । उनीहरूले आफ्ना जातिलाई अगाडि बढाउने क्रममा उनीहरूका रहन सहन र खानपानमा सुधार ल्याउने प्रयत्नस्वरूप शाकाहारी भोजन गर्न र सफासुग्घर रहन उपदेश दिदै हिँडेका थिए । तर मुसहरहरू भने झन झन माँसाहारी भोजन गर्न लागे । यसमा पनि माछा, गगंटा, घुँघी (शंखे कीरा) र मुसो बढी मन पराउँदै गए र तल्लो स्तरमा झरे । तीनै ऋषि शैनी र सुकलका सन्तान आफूहरू भएको मुसहरहरूले ठान्न थाले र ऋषभदेव भनाउन थाले । मुसहर समुदायमा आजकाल पनि शैनी र सुकलको ठूलो नाम र इज्जत रहेको छ । साथै मुसहरहरू आफूलाई शैनी र सुकलको सन्तान भन्न गौरवको अनुभव गर्दछन् र उनीहरूप्रति श्रद्धा व्यक्त गर्दछन् ।"

तेश्रो किंवदन्ती "दिना र भद्री" सँग गाँसिएको कुराचाहिँ मुसहरहरूको महराई गीत (पूर्वजहरूको वीरतापूर्ण गाथा र व्यथालाई व्यक्त गर्दै माघे संक्रान्ति र आषाढीमा गाईने गीत) बाट थाहा हुन्छ । मुसहरहरू आफ्नो कुलदेवता दिना र भद्री भएका हुनाले आफूलाई दिना र भद्रीका सन्तान मान्दछन् । प्राचीनकालमा सप्तरी जिल्लाको जोगिया जाँजर गाउँमा कालू सदा र आमा नीरसको कोखबाट दुइ पुत्र दिना र भद्री जन्मेका थिए । बालक कालदेखि नै दिना र भद्री दुवै दाजुभाइ वीर र साहसी थिए । ती दुइ दाजुभाइ कुस्ती खेल्न धेरै सिपालु थिए । जनश्रुतिअनुसार जोगिया जाँजर गाउँका झाँक्री कनक सिं धामी र श्रीमती वुधनी धमियाइनले दिना र भद्रीको वहादुरीलाई हेर्न सकेनन् र टुना लगाई कटैया जंगलमा लगी मारी दिए । कटैया गाउँमा दिना र भद्रीको प्रसिद्ध मन्दिर छ । पछि दिना र भद्रीको आमाले वागेश्वरी प्रसन्न गराई र बुधनी धामियानलाई मारिन भन्ने कुराको उल्लेख छ । मुसहरहरूले दिना र भद्रीलाई कुलदेवता मानी पुजाआजा गर्दै आएका छन् । यो पूजा आषाढ महिनामा गरिन्छ । मुसहरहरू आफूलाई दिना र भद्री सरदारका सन्तान मानी आफूलाई सरदार भन्न रुचाउँदछन् ।



नेपालमा मुसहरहरू शुरुमा आप्रवासीको रूपमा भारतका विभिन्न क्षेत्रबाट आएका हुन् (दाहाल, १९७८, थमस कक्स, १९९४) । क्षेत्री र दाहाल (२०५४) ले मुसहरहरूको बसाई सराई उत्तर भारतको विहार राज्यको सहर्सा, दरभंगा, पूर्णिया, भागलपुर र अररीया जिल्लाहरूबाट अठारौं शताब्दीको प्रारम्भदेखि उन्नाइसौं शताब्दीको अन्त्यसम्मको अवधिमा भएको हुनु पर्दछ भन्ने कुरा उल्लेख गरेका छन् । मुसहरहरू नेपालमा बसाई सराई गर्ने कारणहरूमा १९४५ ई.सं. देखि १९७४ सम्ममा 'रस्ती रसाउने र वस्ती बसाउने' नीतिको अख्तियारी, ई. सं. १९६६-७० मा वङ्गाल र विहारमा परेको अनिकाल, ई.सं. १९७३ को विहारको भूकम्प, नेपालको खुल्ला सिमाना तथा नेपाल तराईमा तीव्र नगरीकरणको विकास नै मुख्य रहेका छन् । विहारमा परेको अनिकाल र भूकम्पलाई घटनाक्रममा गणना गर्दा २२८ वर्ष, रस्ती रसाउने र वस्ती बसाउने लालमोहरलाई प्रमाणमा लिंदा २२३ वर्ष, मुसहरहरूले बताएको ९ पुस्ते पुस्तौनी इतिहासलाई प्रमाणमा लिंदा लगभग २२५ वर्ष देखिन आएकोले मुसहरहरूको नेपाल प्रवेशको इतिहास २०० देखि २५० वर्ष भएको अनुमान गर्न सकिन्छ भन्ने कुरा उल्लेख गरेका छन् ।

अध्ययन क्षेत्र फत्तेपुरका मुसहरहरूले आफ्ना पुर्खाहरूको नेपाल आगमन आठ नौ पुस्ता अगाडि भएको बताए तापनि पुर्ख्यौली इतिहास भने पाँच छ पुस्तासम्म मात्र बताउन सकेका छन् । उदाहरणका निमित्त फत्तेपुर गा.वि.स. सिद्धिपुर टोलका रविलाल सदा मुसहरको छ पुस्ते इतिहास यस प्रकार छ–

ललाई सदा मुसहर – कानन सदा मुसहर – तिमाई सदा मुसहर – रविलाल सदा मुसहर – हरिकिसन सदा मुसहर – सरोज सदा मुसहर ।

रविलाल सदा मुसहरले पुस्तौनी इतिहास छ पुस्तासम्म बताएका हुनाले फत्तेपुरमा मुसहरहरूका पुर्खाहरूको आगमन करिव १५० वर्ष अघिदेखिको इतिहास गणना गर्न सकिन्छ । लिखित इतिहासको अभावमा पुर्ख्यौली इतिहासलाई प्रमाणिक मान्नु पर्ने हुन्छ तापनि फत्तेपुरका धेरैजसो मुसहरहरू जमिन्दारहरूका जमीन (कामत) मा बसोवास गर्दछन् । त्यसमा कर्णेल कामत (नाम स्पष्ट हुन नसकेका, नोकरीबाट निवृत्त सेनाका कर्नेल, जसले खेतीका लागि आवश्यक कृषि श्रमिकहरूको आपूर्तिका निमित्त भारतबाट मुसहरहरू ल्याई आफ्नो जमिनदारीमा बसोबास गराएका हुन्), थापा कामत (नाम थाहा हुन नसकेको, काठमाडौं निवासी, कुनै थापा थरका घरानियाँ व्यक्ति जसले आफ्ना खेतीका निमित्त श्रमिकहरू आपूर्तिको लागि भारतबाट मुसहरहरू ल्याई आफ्नो जमीनमा बसोबास गराएका हुन्) र सिंह कामत (जमिन्दार रामानन्दप्रसाद सिंह, भू.पू. एटर्नी जनरल जसले खेतीको निमित्त आवश्यक कृषि श्रमिकको रूपमा मुसहरहरूलाई भारतबाट भित्र्याई आफ्नै जमीनमा बसोबास

गराई राखेका) मुख्य छन् । यसर्थ जमिनदारी (कामत) का मालिकहरूले आफ्नो खेतीमा आवश्यक पर्ने श्रमिक आपूर्तिका निमित्त उनीहरूलाई भित्र्याएको प्रष्ट हुन आएको छ ।

**अध्ययन क्षेत्रका नमुनामा परेका ५० घर संख्याका मुसहरहरूको परिवारको जनसंख्याको उमेर र लिंग अनुरूप जनसंख्या विवरण**

उमेर र लिङ्ग समूह जैविक गुणका साथै सामाजिक संरचनामा महत्त्वपूर्ण परिवर्त्यको रूपमा मानिन्छ । त्यसैले जनसंख्या अध्ययनमा उमेर र लिङ्ग समूहलाई आधारभूत विशेषताको रूपमा लिइन्छ ।

अध्ययन क्षेत्र फत्तेपुरमा गरिएको नमुना छनौटमा परेका ५० घर संख्याका परिवारको जनसंख्याको उमेर लिङ्ग र समूह अनुरूप जनसंख्या विवरण तलको तालिकाद्वारा प्रस्तुत गरिएको छ :

**तालिका १: अध्ययन क्षेत्रका नमुनामा परेका ५० घर संख्याका मुसहरहरूको परिवारको जनसंख्याको उमेर र लिङ्गअनुरूप विवरण**

| उमेर समूह (वर्षमा) | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ०-४ | २२ | २४ | ४६ | १६.१४ |
| ५-९ | २३ | २६ | ४६ | १६.१४ |
| १०-१४ | १४ | १३ | २७ | ९.४७ |
| १५-१९ | १४ | १९ | ३३ | ११.५७ |
| २०-२४ | १० | ९ | १९ | ६.६६ |
| २५-२९ | ८ | ८ | १६ | ५.६१ |
| ३०-३४ | ७ | १४ | २१ | ७.३७ |
| ३५-३९ | ९ | ७ | १६ | ५.६१ |
| ४०-४४ | १० | १० | २० | ७.०१ |
| ४५-४९ | ७ | ३ | १० | ३.५१ |
| ५०-५४ | ५ | ७ | १२ | ४.२१ |
| ५५-५९ | ४ | ३ | ७ | २.४६ |
| ६०+ | ७ | ५ | १२ | ४.२१ |
| **जम्मा:-** | १४० | १४५ | २८५ | १००.०० |

*स्रोत: स्थलगत अध्ययन, २०६१ ।*

माथिको तालिका अनुरूप मुसहर समुदायमा औसत परिवारको आकार ५.७ रहेको छ । जुन नेपालको औसत परिवारको आकार ५.५ भन्दा केही बढी छ । त्यस्तै गरेर नमुनामा परेका १४ वर्ष मुनिका मुसहरहरूको जनसंख्या ४१.४७% रहेको छ । त्यसमा पुरुष २०.७०% र महिला २१.०५% रहेको छ । जुन नेपालको १४ वर्ष भन्दा



मुनिको जनसंख्या ३९.३% भन्दा बढी देखिएको छ । यस तथ्याङ्कले सानो समुदायमा औसत परिवारको ढाँचा ठूलो र औसत बालबालिका प्रतिशत बढी भएको प्रष्ट हुन्छ । ६० वर्ष माथिका जनसंख्या ४.२१ प्रतिशत रहेको छ । जसमा पुरुष २.४६ प्रतिशत र महिला १.७५ प्रतिशत रहेको छ । यो प्रतिशत नेपालको बृद्ध जनसंख्याको आकारभन्दा केही घटी छ । यस तथ्यले बृद्ध बृद्धाहरूको बाँच्ने दर अर्थात् जीवन प्रत्यासा (life expectancy) विकसित देशको दाँजोमा घटी रहेको स्पष्ट हुन्छ । त्यसमा पनि पुरुषको भन्दा महिलाको बाँच्ने दर घटी छ । लिङ्ग औसत (sex ratio) ९६.५५ : १०० रहेको छ ।

**सामाजिक संरचना र संगठन**

**परिवार:** मुसहरहरू परिवार भन्नाले एकै भान्छामा पकाएको खाना खाने, सामुहिक सम्पत्ति राख्ने र कुनै न कुनै नातेदारी व्यवस्थाबाट सम्बन्धि व्यक्तिहरू वा सदस्यहरूको समष्टि मान्दछन् । अध्ययन क्षेत्र फत्तेपुरमा नमुना छनौटमा परेका ५० घर संख्याको मुसहरहहरूको पारिवारिक प्रकार तलको तालिकाद्वारा प्रस्तुत गरिएको छ–

**तालिका २: नमुना छनौटमा परेका अध्ययन क्षेत्रका मुसहरहरूको पारिवारिक प्रकार**

| क्र.सं. | परिवारको प्रकार | परिवार संख्या | प्रतिशत | औसत परिवार आकार |
|---|---|---|---|---|
| १. | एकात्मक | २९ | ५८ | ५.६ |
| २. | संयुक्त/विस्तृत | २१ | ४२ | ५.९ |
| | **जम्मा:** | ५० | १०० | ५.७ |

*स्रोत: स्थलगत अध्ययन, २०६१ ।*

मुसहरहरूमा संयुक्त परिवार प्रथा विशेष रुपमा उल्लेखनीय रहेको छ । (श्रेष्ठ र प्रधान, १९७५: २५) । उक्त भनाइसँग यो अध्ययनको नतीजा फरक रहेको छ । तर मुसहरहरू एकात्मक परिवारप्रथा प्रति उन्मुख हुँदैछन् (गौतम र थापामगर, २०४५; क्षेत्री र दाहाल, २०५४; र पोखेल, २०५४, दुलाल: २०५८) का भनाईसँग यस अध्ययनको नतीजाले सामिप्य राख्छ किनकि माथिको तालिकाबाट के देखिन्छ भने एकात्मक परिवार प्रथा ५८% र संयुक्त परिवार प्रथा ४२% रहेको छ अर्थात् मुसहरहरूमा एकात्मक परिवारको प्रथा बढ्दै गएको देखिन्छ । मुसहरहरूमा एकात्मक परिवार प्रथा बढ्दै जानुको मुख्य कारण आर्थिक रहेको छ । मुसहरहरू सुकुम्वासी छन् । जसले गर्दा उनीहरू ज्याला/मजदूरी (जनवैना) गरेर जिउनु पर्दछ । ज्याला मजदूरी गरेर जीविकोपार्जन गर्न सानो परिवार बढी उपयुक्त हुन्छ । कसले कति कमायो वा श्रम गऱ्यो वा कसले वसी वसी खायो भन्ने कुरामा घरायसी झगडा हुँदैन । अर्कोतर्फ कुनै मुसहर केटीको विवाह भएमा महिलाकै गाउँमा गएर केटाले अर्को छुट्टै झुपडी खडा गरेर बसोवास गर्ने प्रचलन देखिन्छ ।

**नाता कुटुम्व र विशेष साइनोहरू:** नातेदारी प्रथा मुसहर सामाजिक संरचनाको महत्वपूर्ण इकाई मानिन्छ । मुसहरहरूमा नातेदारी प्रथा र बोलाउने नाम-साइनो पनि तराईका अन्य समुदायमा जस्तै देखिन्छ (पोखेल, १९९७: २८) । मुसहर समुदायको नातागोता कुटुम्व छुट्याउने विशेष समिति हुन्छ जसलाई "मर्जादी" भन्दछन् (दवाडी, २०५४: ३७) । सामान्यतया मुसहरहरू आफ्ना नाता कुटुम्वलाई पाँच तहमा छुट्याउँछन्–

१. **रक्ति**– रक्ति भन्ने वित्तिकै रगतको नाता अर्थात् आफ्ना वंशजहरू भन्ने बुझिन्छ । रक्तिले आपसमा कहिले पनि विहेवारी गर्दैनन् र मर्दा जुठो वार्छन् । यस नाता अन्तर्गत बाबु, काका, वडा बाबु, छोरा, भतिजा, नाति, पनाति आउँदछन् ।
२. शक्ति– शक्तिले दिदी, बहिनीहरूका लोग्ने पट्टिका नातागोताहरूलाई जनाउँछ ।
३. कुकल्वाज– कुकल्वाज भन्नाले दाजुभाइका स्वास्नीका आमा बाबुपट्टिका नातागोताहरूलाई जनाउँछ ।
४. गृहवासी- गृहवासी भन्नाले सामान्यत: छरछिमेकी साइनोलाई जनाउँदछ । तापनि गृहवासी (छरछिमेकी साइनो) अन्तर्गत ओल्लो पल्लोघर वा मुसहर समुदाय र गैर मुसहर समुदायका व्यक्तिहरू बीच उमेर अनुरूप आदरार्थी र स्नेहार्थी शब्दको प्रयोग गर्दछन् । मुसहरहरू समानस्तरका जात जस्तो खत्वे ( जोलाहा) सँग हित्तचित्त मिले पछि मितेरी साइनो पनि गाँस्दछन् र यस्तो साइनोलाई महत्व पनि दिन्छन् ।
५. मामा– मामा भन्नाले आमाको माइतीपट्टिका नातागोताहरूलाई जनाउँछ ।

**मुसहर राजनीति:** मुसहर समाजमा जातीय नेता 'माइजन' र 'मडर' छनौट गर्दा पहिलो पटक समाजका सबै सदस्यहरू मिली सहमतिका आधारमा छानिन्छ । तर जवसम्म उक्त समुदायबाट कुनै विरोध आउँदैन अथवा उक्त छानिएको व्यक्ति वा परिवारबाट यस सम्बन्धमा असमर्थता प्रकट गरिन्न तबसम्म वंश परम्परागत रुपमा समेत उक्त परिवारभित्रै सो पद रहिरहन्छ ।

अध्ययन क्षेत्र फत्तेपुर सप्तरीका मुसहरहरूको राजनीतिमा माइनजन (मान्यजन) प्रथा तथा मडरप्रथा (जातीय नेता) को रूपमा रहेको पाइन्छ । भारतमा यसैलाई मण्डल र मरार नामले चिनिन्छ । माइनजन गाउँ इकाई वा टोलको जातीय नेता मानिन्छ भने मडर जिल्ला स्तरीय वा क्षेत्रीय स्तरको नेता मानिन्छ । मुसहरहरूबाट छानिएको जातीय नेतालाई 'माइनजन' र 'मडर' भन्दछन् । एकपटक जातीय नेता 'माइनजन' र 'मडर' छानिए पछि वंश परम्परामा जान्छ । जातीय नेता 'माइनजन' र 'मडर' भैसकेको व्यक्ति मरे पछि गाउँका भलादमीहरू जम्मा भई उसैको जेठो छोरोलाई पगरी र लाठी दिएर पुन: माइनजन र मडर बनाउँदछन् । सबै मुसहरहरूले उस माथि आस्था र विश्वास राख्दछन् । यस्तो परम्परा प्रदत्त नेतृत्व (Ascribed Leadership) को उदाहरण हो । माइनजनले स्वजातीय रीतिथितिको पालन गराउन र दण्ड दिलाउन उत्तरदायी हुन्छ । माइनजनले समाधान गर्न नसकेका कुराहरू मडर सामु पेश गर्ने गर्दछ । आफ्नै जाति भित्र हुने व्यभिचारका मामलामा मुसहर समाजमा उच्च दण्ड दिने चलन छ । दण्डस्वरूप रक्सी, सुँगुरको मासु, दालभात र रु. ५० देखि रु. ५०० सम्म नगद अथवा ५ के.जी. देखि ४० के.जी. सम्म अनाज दण्ड गर्ने प्रचलन छ । अन्तरजातिसँग भएका व्यभिचारका मामलामा समाजबाट निकाल्ने, जातिबाट पदच्यूत गर्ने जस्ता दण्ड प्रचलित छन् । मडरलाई सहयोग गर्न जमदारको व्यवस्था पनि गरिएको हुन्छ । संकटको समयमा निर्णय दिने बेला र न्यायिक कार्यमा परामर्श लिनका लागि मडरले वयोवृद्धहरूको परिषद् ( council of elders) स्थापना गर्दछ । उनीहरूको परामर्शका आधारमा जातीय आचरण र नियम नमान्नेहरूलाई मडरले दण्ड गर्ने अधिकार छ । निर्धनताको कारणले मडर परम्परा लोप हुँदै गएको व्यहोरा क्षेत्री र दाहाल (२०५४: ९७) र दुलाल (२०५८) ले औंल्याएका छन् । स्थलगत अध्ययनको क्रममा जातीय नियम र कानून उल्लंघनका घटनाहरू देखिएनन् र जातीय नेताको सक्रीयता पनि खासै देखिएन । यसर्थ मडर परम्परा परिवर्तनको संक्रमणमा छ ।



**मुसहर समाज तथा परिवारमा नारी वर्गको स्थिति:** यस अध्ययनमा मुसहर समाज तथा परिवारमा नारी वर्गको स्थिति औंल्याउने क्रममा सामाजिक, शैक्षिक, वैवाहिक र आर्थिक स्थितिलाई केन्द्रविन्दु वनाई छलफल गरिएको छ । सामाजिक स्थितिको कुरा गर्दा नेपाली समाजका अन्य जातीय समुदायमा झैं मुसहरहरूको समाज पनि पितृप्रधान र पितृ सत्तात्मक एवं पितृगोत्रीय परिवारयुक्त समाज भएकाले नारीको तुलनामा परिवारभित्र पुरुषको हक अधिकार र प्रभुत्व वढी कायम रहेको देखिन्छ ( क्षेत्री र दाहाल, २०५४ : ६८) । यसर्थ मुसहर महिलाहरूको स्थिति पुरुषको दाँजोमा तल्लो स्तरको रहेको छ ।

अध्ययनमा समावेश सम्पूर्ण मुसहर महिलाहरू शतप्रतिशत अशिक्षित छन् (हेर्नुहोस् तालिका ३) । शैक्षिक उपलब्धि विना स्वास्थ्य, आयआर्जन जस्ता कुनै पनि क्षेत्रमा अगाडि वढ्न नसकिने स्वत:सिद्ध छ । यसले गर्दा महिलाहरूले आफ्नो आत्मोन्नति मात्र गर्न नसक्ने होइन कि समाज र देश विकासमा योगदान दिनसमेत वाधा पर्दछ । मुसहर महिलाहरू मजदुरी तथा घरेलु काममा व्यस्त रहने भएकाले निश्चित उमेर पुगेपछि दैनिक रोजगारीबाट आउने नगद आयबाट पारिवारिक गुजारा गर्नमा नै अभ्यस्त छन् । यस सामाजिक पृष्ठभूमिमा मुसहर महिलाहरूमा शिक्षाप्रति चासो नदेखिनु स्वभाविक हो ।

मुसहर महिलाको स्थिति मूल्याङ्कन गर्ने सन्दर्भमा वैवाहिक परिवर्त्यलाई समेत उल्लेख गर्नु अत्यावश्यक छ । मुसहर समाज वहुपत्नी विवाह प्रथा भएको समाज हो । विवाहित महिला बाँझी भएमा र छोरी मात्र जन्माएमा सौता खेप्न बाध्य हुनु पर्दछ । केवल विधवा विवाह (देवर विवाह, चुमाउन र घरढुकी) प्रचलनले महिलाहरूलाई केही राहत दिएको छ ।

अन्तत: मुसहर महिलाको आर्थिक स्थितिलाई मूल्याङ्कन गर्ने क्रममा पेशागत विवरणलाई मूल आधार मानिएको छ । नमुनामा परेका ५० घरका (१० वर्ष माथिका

मुसहर) महिलाहरूमध्ये अधिकांश कृषिश्रम र घरायसी पेशामा संलग्न छन् । अन्य पेशामा नगण्य रूपमा रहेका छन् (हेर्नुहोस् तालिका ६) ।

सम्पत्ति माथि अधिकारको प्रश्नमा पनि घरमूली वाबु हुने र पछि सो अधिकार छोरामा हस्तान्तरण हुने प्रथा कायमै छ । दाइजो वा पेवाको पनि त्यतिसारो प्रचलन नभएको, वनीवुती, जनवैना गरेर ल्याएको पारिश्रमिक पनि सामूहिक पारिवारको खर्चमा व्यहोर्नु पर्ने हुनाले महिलाहरूको व्यक्तिगत बचतको राशि पनि कमै देखिन्छ ।

**शैक्षिक स्थिति**: मुसहरहरूको शैक्षिक स्थितिको अध्ययनबाट उनीहरूको सामाजिक अवस्था (social status) बारे प्रकाश पारिएको छ । तलको तालिकाबाट नमुनामा परेका ५० घर मुसहर परिवारको शैक्षिक स्थिति स्पष्ट हुन्छ :

**तालिका ३: नमुनामा परेका मुसहरहरूको पारिवारिक शैक्षिक स्थिति (६ वर्षभन्दा माथि)**

| क्र.सं. | शैक्षिक स्थिति | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | अशिक्षित | १०० | ११६ | २१६ | ९४.३ |
| २. | साधारण लेखपढ | १३ | – | १३ | ५.७ |
| **जम्मा** | | **११३ (४९.३%)** | **११६ (५०.६%)** | **२२९** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०६१ ।*

मुसहरहरूको शैक्षिक स्थिति अत्यन्तै पिछडिएको छ । अध्ययनका नमुनामा परेका ५० घरका (६ वर्ष माथिका) कुल २२९ मुसहरहरू मध्ये १३ जना (५.७%) साधारण लेखपढ गर्न जान्ने छन् भने ठूलो संख्या २१६ (९४.३%) अशिक्षित छन् । साधारण लेखपढ गर्न जान्नेहरूमा पुरुष मुसहरहरू मात्र छन् । अध्ययनमा समावेश मुसहर महिलाको शिक्षाको कुरा गर्दा कुल ११६ महिलाहरू सबै निरक्षर छन् । अर्थात् शतप्रतिशत अशिक्षित छन् । यो प्रतिशत सन् २००१ को राष्ट्रिय जनगणना अनुसार दलित पुरुष साक्षरता प्रतिशत १०.७ र दलित महिला साक्षरता प्रतिशत ३.३ प्रतिशत भन्दा ज्यादै न्यून छ । अध्ययनको क्रममा विद्यालय जान शुरु गरेका कुनै पनि मुसहर बालिका भेटिएनन् । अशिक्षित अधिकांश महिलाहरूको स्थिति तल्लो स्तरको हुनु स्वभाविकै हो । त्यसैले नेपाल सरकारको सहश्राब्दि विकास लक्ष्य (Millenium Development Goals) को सन् २०१५ सम्म सम्पूर्ण नेपालीहरूलाई शिक्षित बनाउने कुरा अपूर्ण हुन सक्दछ र यसैगरी महिला शिक्षाका सन्दर्भमा यो लक्ष्य पूरा गर्ने भन्ने कुरा कोरा कल्पना मात्र हुन जानेछ ।

**मुसहर धार्मिक विश्वास, चाडपर्व र संस्कारहरू**: मुसहरहरू विभिन्न किसिमका देवी-देवता, प्रेतात्मा, भूतात्मा, धामी-झाँक्री, डायनी जस्ता धारणामा विश्वास राख्दछन् । आफूलाई हिन्दू भन्दछन् । तर यिनीहरूका कर्मकाण्ड, विधि-विधान, धार्मिक क्रियाकलाप उपल्लो जातका परम्परागत हिन्दूहरू भन्दा केही फरक छन् । यिनीहरू



शक्ति पूजा प्रति अत्यन्तै आकर्षित छन् र देवीलाई देवताभन्दा शक्तिशाली ठान्दछन् (गौतम र थापामगर, १९९४: ९२) । मुसहरहरू आफ्ना जातीय देवीदेवताहरू (मुसन, सकुन, कंश, कैलु, रनु, लक्तरे र तिला गरी ७ सरदारहरू) का अतिरिक्त हिन्दू देवदेवीहरू– ब्रह्मा, विष्णु, महेश्वर, लक्ष्मी, पार्वती, काली, गणेशको पूजा तथा उपासना गर्दछन् । मुसहरहरूले पूजाआजा गर्ने देवदेवीहरूलाई तल उल्लेख गरिएको छः–

**गृहदेवदेवीहरू**: मरेर गएका वीर पुर्खाहरू/कुलदेवताहरूको आफ्नो घरको गहवर वा पुजा कोठामा पूजा गर्दछन् । त्यसमा मुख्यगरेर मुसन, लनु, कंश, कैलु, रनु, लक्तरे र तीला (सात सरदार) हरू रहेका छन् । देवीहरूमा– गाँगो, रूपना, मैना, वागेश्वरी, वीसहरा, काली, संसारी, सितला आदि मुख्य रहेका छन् ।

**ग्राम देवदेवीहरू**: घर बाहिर आञ्चलिक उत्पत्तिका देवदेवीहरूको पूजाआजा गर्दछन्–

१. राजाजीहरू– (राजा राजपाल, भीमसेन, राजा रणपाल, सहलेस, भलुवाराजा छन्) ।
२. तुमढी मुखिया (नामको आधारमा किराँती उत्पत्तिका थिए भन्ने बुझिन्छ । बोका, रक्सी चढाएर पुजा गर्दछन्) ।
३. गहिल देवी– (हातखुट्टा नचल्ने रोगबाट मुक्त हुनको लागि पूजाआजा गर्दछन् ।) गहिलका दस दिदीबहिनीहरूमा– एकची, दुधवसी, तिहिया, चम्की, लुल्नी, छन्तो, सतनीया, नन्दी र सम्पूर्णी रहेका छन् भन्ने मान्दछन् ।
४. दिना र भद्री– प्रत्येक मुसहरीमा एउटा गोलाकार वा चारकुने आकारको माटाको ढिस्को बनाएको हुन्छ । त्यसलाई आफ्नो पुर्खा दिना र भद्रीको स्थायी थान मानेर मुसहरहरूले पुजाआजा गर्दछन् ।
५. विभिन्न धामीहरू– कनक सिंह, विद्यापति र गोनार आदि ।

**जल तथा वृक्ष पूजा**: मुसहरहरूले आफ्नो टोल वरपर खोलानाला, इनार, कुवा, पोखरी आदिको पूजा आजा गर्दछन् । आफ्नो बस्ती नवगाओस र जनवैना/श्रम गर्न गएका आफ्ना परिवारहरू सुरक्षित फर्किउन भन्ने भावनाले जलपूजा गर्दछन् । मुसहरहरू वरपीपल, नीम, केरा, आँप, बाँस, तुलसी, वेल, दुवो इत्यादिको पूजाआजा पनि गर्दछन् । यी वृक्षहरूमा अदृश्यशक्ति मसान, भूतप्रेत आदि वस्दछन् भन्ने भावनाले पूजाआजा गर्दछन् ।

**चाडपर्व तथा उत्सवहरू** : अध्ययन क्षेत्र फत्तेपुरका मुसहरहरूले मनाउने मुख्य मुख्य चाडपर्वहरूमा जुरशितल, घडीपावैन, रइत/आइतवारी, दशहरा, शुकरैत, समाचकेवा, छठपुजा, नेमान, तिला संक्रान्ति, फगुवा, आदि मुख्य रहेका छन् ।

**संस्कारहरू**
जन्म, विवाह र मृत्यु संस्कारलाई अनिवार्य र महत्त्वपूर्ण रूपमा स्वीकारेर सम्पन्न गर्दछन् ।

**जन्म संस्कार**: मुसहरहरूमा सहवास तथा स्त्री-पुरुष यौन सम्वन्ध राख्ने बारे कुनै शास्त्रीय विधान छैन । गर्भ रहेपछि सुरक्षित रहोस भन्ने उद्देश्यले लोग्ने र गर्भवती स्त्री दुवैलाई केही खास काम गर्न निषेधित गरिएको हुन्छ । लोग्नेले मारकाट नगर्नु, लास नवोक्नू र स्त्रीले पोथी र बुहारी माछा नखानु, मसानमा नजानु, खोला नतर्नु, पाँच महिनादेखि सहवास नगर्नु आदि रहेका छन् । सुत्केरी व्यथा लागेपछि सौरी घरमा राखिन्छ । सुडेनीद्वारा सुत्केरी गराइन्छ । सुत्केरी भएको पाँच दिनसम्म सुतक बार्ने चलन छ । पाँच दिनसम्म सुत्केरी महिला र नवजात शिशुलाई सौरीघरमा राखिन्छ । दुवैलाई कसैले छुनु हुँदैन । छैठौं दिनमा न्वारन अर्थात् छठियारी गर्दछन् । त्यसै दिनमा बच्चाको नाम राख्ने गर्दछन् । नाम राख्दा जन्मेको वार, शारीरिक बनावट, वर्ण, जन्मेको महिना, घटेका घटना, देवी, देवताको नामसँग सम्वन्धित नाम राख्दछन् ।

**पास्नी**: मुसहरहरूमा पास्नीको त्यतिसारो प्रचलन छैन । आर्थिक रूपले सम्पन्न मुसहरहरूमा नवजात शिशु ५-६ महिनाको भएपछि आमा बावुद्वारा कुनै शास्त्रीय विधि विधान नगरी त्यत्तिकै ठोस आहार खुवाउने गर्दछन् ।

**मुरोन⁄ मुण्डन**: मुण्डन अर्थात् छेवर संस्कार पनि मुसहरहरूमा त्यतिसारो प्रचलनमा छैन । केही हुनेखानेले आफ्नो क्षमता अनुसार सम्पन्न गर्दछन् । बालक पाँच वर्षको भएपछि मुण्डनका लागि निश्चित दिन निर्धारण गर्दछन् । मुण्डनका दिन परिवारका सबै आफन्तहरूका उपस्थितिमा बालकलाई आमाको काखमा राखी हजामद्वारा कपाल काटिन्छ र गंगा नदी वा बाँसको झाङ्गमा फाल्दछन् र पाठी काटेर भोज खुवाउने चलन छ ।

**विवाह संस्कार**: मुसहर समुदायमा मुख्यतः मागी विवाह र संबन्धित परिवार बीच सट्टा विवाह (गोलट विवाह) प्रथा प्रचलनमा रहेको छ ।

फत्तेपुरका मुसहरहरूले विवाह गर्दा अनेकौं कर्महरू सम्पन्न गर्छन् । पहिले पहिले विवाह सम्पन्न गर्न ७ दिन लाग्नेमा हाल ३ दिन लगाएर सम्पन्न गर्दछन् । मुसहर समुदायमा मागी विवाह सम्पन्न गर्दा विशेष गरी देखासुनी (वरवधु छनौट कार्य सम्पन्न गर्ने), डिह्नी मिलावन (कुलदेवता र पुर्ख्यौली छुट्याउने कार्य सम्पन्न गर्ने), पानचडीया (विवाहको दिन तोक्ने कार्य गर्ने), मटकारा (केटा र केटीले तेल र चामलको पीठो दल्ने र नुहाउने र इनार पूजा गर्ने), तेलकासा र कुमरन, लावा, मडुवा वनावन (लावा भुट्ने र विवाह मण्डप बनाउने कार्य सम्पन्न गर्ने), विलौकी (विवाह गरिने केटी र गीत हार्नेहरू मिलेर पाँच आँगन डुलेर पैसा र चामल संकलन गर्ने), वर्यादी प्रस्थान (जन्ती जाने), तिलक, ठोगर र काँधन (केटीको तर्फबाट केटालाई कपडा र गरगहना दिने), सिन्दूरदान (केटोले केटीको सिउदोमा सिन्दुर



हाल्ने), सनाइवाट (केटा र केटीको कांछीऔलाबाट रगत झिकी खीरमा हालेर खुवाउने) आदि जस्ता महत्त्वपूर्ण विधिहरू सम्पन्न गरिन्छन् ।

फत्तेपुरका मुसहरहरूमा बालविवाह र विधवा विवाह (देवर विवाह, घरढुकी र चुमाउन) प्रथा प्रचलनमा रहेको छ । नमुनामा परेका ५० घरका कुल ७९ मुसहर महिलाहरूको विवाह गर्दाको उमेर तलको तालिकामा प्रस्तुत गरिएको छ:

**तालिका ४: नमुनामा परेका मुसहर महिलाहरूको विवाह गर्दाको उमेर**

| उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|
| १०–१२ | ३ | ३.८ |
| १३–१५ | १० | १२.६ |
| १६–१८ | ३३ | ४१.८ |
| १९+ | ३३ | ४१.८ |
| **जम्मा** | ७९ | १०० |

*स्रोत: स्थलगत अध्ययन, २०६१ ।*

फत्तेपुरका मुसहरहरूका अध्ययनमा नमुनामा लिइएका ५० घरका कुल ७९ मुसहर महिलाहरू मध्ये १० वर्षदेखि १८ वर्षको उमेरमा विवाह हुने ५८% र १९ वर्षभन्दा माथिको उमेरमा विवाह हुनेको प्रतिशत ४२% रहेको देखिन्छ । यस तथ्यबाट मुसहर समाजमा बाल विवाह अझै प्रचलनमा रहेको पाइन्छ । बाल विवाहको कारणले महिलाहरूको स्थिति तल्लो स्तरको हुनु स्वभाविकै छ ।

**मृत्यु संस्कार**: मृत्युलाई मुसहरहरू स्वाभाविक र डाइनी, भूतप्रेत, पाप र अपराधद्वारा प्रेरित रोग, आत्महत्या तथा दुर्घटना प्रभावित हुने मृत्युमा गणना गर्दछन् ।

मुसहरहरू मानिस सिकिस्त विरामी भएपछि धामी झाँक्री बोलाउँछन् । कानमा मन्त्र पढी ओझाले झारफुक गर्दछन् । यति गरेपछि मरेको लाशलाई आँगनमा ल्याई नुहाई लुगाफेरी दिई खटमाथि बाँध्ने गर्दछन् । खट हरियो बाँसको हुन्छ । लाश छोराले, नातेदार र रक्ति⁄दियादीले बोक्दछन् । अन्त्येष्टी संस्कार जलाउने वा गाड्ने दुवै गर्दछन् । घाटमा लाश लिएर जाँदा मृतकले प्रयोग गर्ने सबै सरसामानहरू लाससँगै सेलाईदिने गर्दछन् ।

फत्तेपुरका मुसहरहरूमा तेह्र दिनसम्म क्रिया बार्ने गर्दछन् । छोरा भए जेठो छोराले मात्र क्रियामा बस्ने चलन छ । छोरा नभए भाइ, भाइ नभए भतिजा र भतिजा पनि नभए छोरीले कपाल काटेर ४ दिनसम्म कोरामा वस्नु पर्ने चलन छ । मुसहरहरूमा तेह्र दिनसम्म गरिने कर्महरू निम्नानुसार छन्–

१. दूमधु विध (विधि)– यो दोश्रो दिनमा गरिने विधि हो । यस्मा मृतकका नातेदारहरूले मृतकको नाममा पानी र दुधको खोल (धार) लाई निमपातिको माध्यमबाट चढाउने चलन छ ।
२. छोरझापी विध– चौथो दिनमा गरिने विधिलाई छोरझापी विध भनिन्छ । यस विध अन्तर्गत ढिकुरो उठाउने र मलामीलाई भोज खुवाउने गरिन्छ ।

३. सतलहन विध– सातौं दिनमा गरिने विधिलाई सतलहन विध भनिन्छ । यस विध अन्तर्गत पाँच पिण्डदान गरिन्छ ।

४. नइकेश विध– एघारौं दिनमा गरिने विधिलाई नइकेश विध भनिन्छ । घरका नातेदार र कर्ताले कपाल र नङ काट्ने कार्य गर्दछन् भने कर्ताले एघारवटा पिण्डदान गर्दछ ।

५. वार्पिता विध– बाह्रौं दिनमा गरिने विधिलाई वार्पिता विध भनिन्छ । यसमा मुख्य गरेर श्राद्ध गरिन्छ । यस विधि अन्तर्गत दुइ चारजना मलामी बोलाएर दही च्यूरा खुवाइन्छ ।

६. शुद्धिदान विध– यस विधि अन्तर्गत तेह्र वटा पिण्ड दान गर्ने र पुरानो कपडा छोडेर नयाँ कपडा फेर्ने चलन छ । त्यसपछि कर्ता शुद्ध भएको मानिन्छ र मासु र नून खान फुकुवा हुन्छ ।

७. ६ मासिक विध– छ महिनामा श्राद्ध गरिन्छ ।

८. वार्षिकी विध– श्राद्ध गरी आफन्तहरूलाई भोज खुवाइन्छ । हाल निर्धनताको कारणले ६ मासिकी र वार्षिकी विधिको प्रचलन हट्दै गएको छ ।

**आधारभूत सांस्कृतिक विशेषताहरू**

भौतिक (मूर्त) र अभौतिक (अमूर्त) गरी दुई प्रकारले विभाजन गरी कुनै पनि संस्कृतिको अध्ययन गर्ने गरिएको छ । भौतिक संस्कृतिअन्तर्गत भाषा, पहिरन, शारीरिक वनावट, घरवास, खानपीन, भाँडावर्तनहरू, हातहतियार, औजार आदि पर्दछन् भने अभौतिक संस्कृतिअन्तर्गत धर्म, परम्परा, विश्वासहरू, कानून, देवीदेवताहरू, चाडपर्वहरू आदि पर्दछन् । मुसहर संस्कृतिका विशेषताहरूलाई उल्लेख गर्ने क्रममा सोही आधारलाई अंगालिएको छ:–

**तालिका ५: आधारभूत सांस्कृतिक विशेषताहरू**

| भौतिक संस्कृतिको विशेषताहरू | अभौतिक संस्कृतिको विशेषताहरू |
|---|---|
| **१. पहिरन**<br>(क) मुसहर पुरुषको परम्परागत पहिरन– धोती र कमीज हुन् ।<br>(ख) मुसहर महिलाको परम्परागत पहिरन– ब्लाउज र साडी हुन् ।<br>(ग) युवायुवतीहरूको पहिरनमा परिवर्तन देखिएको छ । | **१. भाषा**<br>(क) मुसहरहरूको आफ्नो भाषा लोप भैसकेको छ ।<br>(ख) मैथिलीको प्रभाव क्षेत्र (जनकपुर पूर्व) का मुसहरहरूले मैथिली भाषा र भोजपुरी प्रभाव क्षेत्र (वारा, पर्सा, चितवन) का मुसहरहरूले भोजपुरी भाषा बोल्दछन् ।<br>(ग) सप्तरीका आधिकांश मुसहरहरू मैथिली बोल्दछन् तर उनीहरूको भाषामा थारु भाषा मिसिएको पाइन्छ । |
| **२. शारीरिक वनावट**<br>(क) श्याम वर्ण, वाक्ला ओठ, सानो साँगुरो निधार, ठूलो थेप्चीएको नाक, चहकिला ठूला आँखा, मुसहरहरूका शारीरिक विशेषताहरू हुन् । | **२. धर्म**<br>मुसहरहरू हिन्दु धर्म मान्दछन् । काली, दुर्गा, विष्णु, महादेव, लक्ष्मी, वज्रंगवली गणेशको पुजा उपासना गर्दछन् ।<br>**३. विश्वासहरू**<br>(क) मुसहरहरू आध्यात्मिक शक्ति माथि विश्वास गर्दछन् ।<br>(ख) मुसहरहरू धामी झाँकी माथि विश्वास राख्दछन्। |
| **३. घरबास–** अधिकांश मुसहरहरूको घरबास ऐलानी जग्गामा र अरूको कामत (जमिन्दारी) आदिमा रहेका हुन्छन् । आफ्नो जमीन हुनेहरू एकदमै कम छन् । घर फुसको झुपडी रहेको हुन्छ । आफ्नो विवाहित छोरा बुहारीसमेत सँगै राख्न साह्रै कठिन हुने ८ X १२ फिट लम्बाई चौडाई भएको साँघुरो फुसको घर हुन्छ । | **४. देवदेवीहरू**<br>(क) घरभित्र गहवर वा पुजाकोठा वनाई पुजा गर्ने देवदेवीहरू– मरेर गएका पुर्खा पुजा/कुलपुजा । (ख) देवताहरू (मुसन, लनु, कंश, कैलु, लप्तरे, रनु र तीला, सरदारहरू) देवीहरूमा– गाँगो, रूपना, मैना, विसहरा, वागेश्वरी, संसारी, सितला आदि ।<br>(ख) ग्राम देवदेवीहरू–<br>१. राजाजीहरू (भीमसेन, रणपाल, सहलेस, भलुवाराजा)<br>२. तुमढी मुखिया (हेर्नुहोस्, ग्रामदेवदेवीहरू)<br>३. गहिल देवी (लकुवा रोग) (हातखुट्टा लुलो भई नचल्ने रोग) लागेमा पूजा गरिने देवी ।<br>४. गुरुद्वारा–कवीर र रामोत पन्थीहरूको पवित्र स्थान ।<br>५. दिना र भद्री– प्रत्येक मुसहर वस्तीमा एउटा गोलाकार वा चारकुन्ने लाम्चो आकारको माटोको ढिस्को बनाएर आफ्नो पुर्खाको स्मरण स्वरूप दिना र भद्रीको स्थायी थान मान्ने गर्दछन्।<br>६. विभिन्न धामीहरू (जस्तो: कनकसिंह, विद्यापति, गोनर आदि)<br>७. जल तथा वृक्ष पुजा– आफ्नो वस्ती नवगाओस तथा रुखविरुवामा अदृश्य शक्ति मसान बस्दछन् भन्ने भावनाले पुजाआजा गर्दछन् । |
| ४. **भाँडा वर्तन, हातहतियार र औजार**<br>(क) घरायसी प्रयोगमा ल्याइने– मटघैला (पानी बोक्ने माटाको गाग्री) डावा (पानी राख्ने भाँडो), लोहोटा (पानी खोने भाँडो), लोहिया (कन्ती), हण्डी (भात पकाउने भाँडो), कथौटा (आरी), थरीया (थाल) खापेर (तावा) आदि ।<br>(ख) खेतीको निमित्त पुरुषले प्रयोग गर्ने– खन्ती, कुदाल, फररा, टल्ला, हलो, चौकी ।<br>(ग) खेतीका निमित्त महिलाले प्रयोग गर्ने पसनी, हँसुवा, ढकीया । | **५. चाडपर्वहरू**<br>(क) जुराशितल/सिरुवा– वैशाख– नववर्षारम्भ । (ख) मूलपर्व/आषाढी– आषाढ–कुलदेवताको पूजा ।<br>(ग) घडीपावैन– साउन– साउने संक्रान्ति मनाउने ।<br>(घ) रइत/आइतवारी– भाद्र–भाद्रमहिनाको पहिलो आइतवार व्रतवसी दहीच्यूरा खाने वा गच्छेअनुसार फलफूल र मिठाई (साकाहारी भोजन) खाने ।<br>(ङ) दसहरा– आश्विन– दशैं पर्व मनाउने ।<br>(च) शुकरैत पर्व– कार्तिक– लक्ष्मीपूजा ।<br>(छ) समाचकेवा– कार्तिक पूर्णिमा– सानो सानो मूर्ति बनाई चौरमा गई गीत गाउँदै पूजाआजा गर्ने ।<br>(ज) छठपूजा– कार्तिक– सूर्यपूजा ।<br>(झ) नेमान– मार्ग–अगहन ।<br>(ञ) तिलासंक्रान्ति– माघ–माघेसंक्रान्ति पर्व मनाउने ।<br>(ट) फगुवा–फाल्गुण– होली । |



**मुसहर जातीय प्रविधि र अर्थतन्त्रका प्रमुख विशेषताहरू**

**जातीय प्रविधि:** मुसहर जातीय प्रविधि भन्नाले ज्ञान, सीप र उद्यमशीलतालाई बुझ्नु पर्दछ। मुसहरहरूका उल्लेख्य जातीय प्रविधिहरू खासै छैनन्। तराईमा खेतको डिल (आली) बनाउन, बाँध, पैनी बनाउन, माटो कटान गर्न, माछा मार्नु (कहारी गर्नु), खलीहनबाट धान बटुल्न र मुसा मार्न उनीहरू विशेष सिपालु मानिन्छन्। मुसहरहरूले परम्परागत यन्त्र कोदालो (फररा) र टल्ला प्रयोग गर्दछन्। यो टल्ला ( माटो बोक्ने भार) काठमाडौंका नेवार किसानहरूले प्रयोग गर्ने चः खमु (चउ खर्पन) जस्तै छ।

**अर्थतन्त्रका मुख्य विशेषताहरू:** मुसहरहरू अधिकांशत: सुकुम्वासी भएकाले स्वतन्त्र कृषि मजदूरी नै उनीहरूको अर्थतन्त्रका विशेषता रहेका छन्। पशुधनको उपयोग पनि एकदमै सीमित संख्या (marginal number) मा छ। अध्ययनमा समावेश ५० घर मुसहरहरू मध्ये १४ घर मुसहरहरूसँग गाई, बाखा, सुँगुर, हाँस, परेवा गरी जम्मा संख्या २९ मात्र रहेको छ। अर्थात् औसत रूपमा १ परिवारसँग १.८०% पशु मात्र रहेको छ। सुकुम्बासी भएका हुनाले खेतीपातीका लागि पशुपालन गर्नु आवश्यक छैन। अतिरिक्त आम्दानी गर्नका लागि स्थानको अभाव र जनवनियारीमा जानु पर्ने भएकाले पनि पशुपालन व्यवसाय सीमित रुपमा हुन गएको छ।

घरको आकार प्रकारलाई मूल्याँकन गर्दा नमुनामा परेका ५० घर मुसहरहरू मध्ये सम्पूर्णको भुँइतले झुपडी मात्र रहेको देखिन्छ। यस्ता झुपडी १० x ११ फिटको भुँइतले झुपडी रहेको हुन्छ। भुईंमा नै विछ्यौना लगाई ४-५ जनासम्मलाई लहरै सुत्नसम्म जसोतसो पुग्दछ। चर्पी र घरभित्र हावा जाने ठाउँ (Toilets and ventilation) समेत हुँदैन। भान्छा घर, भण्डारघर भनेर परिचय गराउने ठाउँ नै हुँदैन। यसर्थ घरको वनावटको आधारमा पनि मुसहरहरूको आर्थिक स्थिति दयनीय देखिन्छ। नमुनामा परेका ५० घर मुसहरहरूको पारिवारिक पेशागत विवरण तलको तालिकाद्वारा स्पष्ट हुन्छ:

**तालिका ६: नमुनामा परेका मुसहरहरूको पारिवारिक पेशागत विवरण (१० वर्षदेखि माथि)**

| क्र.सं | पेशागत विवरण | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | कृषि श्रम | ४८ (२४.८७%) | ९४(४८.७%) | १४२ | ७३.५८ |
| २. | नोकर (घरेलु) | १४ (७.२५%) | - | १४ | ७.२५ |
| ३. | घरायसी | ५ (२.५९%) | ५ (२.५९%) | १० | ५.१८ |
| ४. | अन्य पेशा | २५ (१२.९५%) | २ (१.०४%) | २७ | १२.९८ |
| | **जम्मा:** | **९२ (४७.६६%)** | **१०१ (५२.३३%)** | **१९३** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०६१।*



माथिको तालिकाअनुसार कृषि श्रम गर्ने मुसहरहरू ७३.५८% रहेका छन्। कृषि श्रमअन्तर्गत खेत जोत्ने, बाली लगाउने र काट्ने, पोखरी खन्ने, कुलो, पैनी बनाउने (नहर खन्ने) परम्परागत पेशा हो।

नोकर (घरेलु) पेशा गर्नेहरू ७.२५% रहेका छन्। यीमध्ये हलिया बस्ने, चरुवा वस्ने आदि मुख्य छन् भने ज्याला रकम नगद र जिन्सी दुवैमा प्रचलित छ। घरायसी (५.१८%) पेशा बताउनेहरूमा वृद्ध महिला र पुरुषहरू पर्दछन्। जसमा भान्छाको काम, साना नानीहरूको हेरचाह गर्ने कार्य आदि पर्दछन्।

हाल आएर स्थानीय क्षेत्रमा नै रिक्सा चलाउने, ट्र्याक्टर चलाउने, राईस मिलमा काम गर्नुका साथै भारतको हरियाणा र चण्डीगढ तथा काठमाडौंका ईटा भट्टाहरूमा समेत मौसमी श्रमको निमित्त आप्रवासमा जाने गर्दछन्।

**सांस्कृतिक योगदान, आधुनिकीकरणको प्रभाव तथा नेपालीकरण**

**मुसहर जाति र संस्कृतिको योगदान:** सन् १९९१ र २००१ को जनगणना अनुसार मुसहरहरूको जनसंख्या नेपालको कुल जनसंख्याको दाँजोमा क्रमश: ०.७७% र ०.७६% रहेको छ। औलोको प्रकोप र जंगली जनावर, विषालु सर्पहरूसँग लड्दै तराईका जंगल फँडानी गरी आवादी गर्ने (रस्ती रसाउने तथा वस्ती बसाउने) कार्य र जमिन्दारहरूका जमीन (कामत) मा बसोबास गर्दै उनीहरूलाई आवश्यक पर्ने कृषि मजदूरको आवश्यकता पूर्ति गर्ने कार्यसमेतलाई मूल्याङ्कन गर्ने हो भने यस कार्यमा मुसहर जातिको ठूलो योगदान देखिन्छ।

मुसहरहरूको परम्परागत संस्कृतिलाई चिनाउने जातीय कार्यहरू जस्तो माटो कटान, मुसा समात्ने र खाने क्रियाकलापहरू हालसम्म प्रचलनमा छ। प्रत्येक मुसहर वस्तीमा 'दिना र भद्री' को प्रतीकको रुपमा एउटा गोलाकार वा चारकुने लाम्चो आकारको माटाको ढिस्को बनाइएको हुन्छ। जसले मुसहर संस्कृतिलाई झल्काउँछ। त्यसैगरी सप्तरीको कटैयामा रहेको दिना र भद्रीको एउटै मात्र मन्दिरले मुसहर संस्कृतिको योगदानमा ठूलो भूमिका खेलेको छ। यो मन्दिर नेपाल र भारतमा समेत प्रख्यात छ।

**संस्कृतिमा आधुनिकीकरणको प्रभाव र परिवर्तन:** मूर्त अर्थात् भौतिक संस्कृति अर्न्तगत आवास व्यवस्था, घरेलु उपकरण र जातीय प्रविधिहरू (Indigenious Technology) जस्तो माछा मार्नु (कहारी गर्नु), खेतको आलीको डिल बनाउनु (टाला काट्नु), धान काटिसकेको खेत (खलिहन) बाट धान बटुल्नु र मुसा मार्नु आदि कार्यमा मुसहरहरूले आफ्नो परम्परा कायमै राखेका छन्। त्यस्तै गरी अमूर्त अर्थात् अभौतिक संस्कृति जस्तो धार्मिक परम्परा, विश्वास, चाडपर्व, संस्कार आदिमा पनि मुसहरहरूले आफ्नो परम्परा कायमै राखेका छन्। अशिक्षित मुसहर समाजमा पत्रपत्रिका पढ्ने कुरै भएन। दैनिक गुजारा गर्न कठिन हुने समाजमा रेडियो, टि.भि. र अन्य आधुनिकीकरणलाई झल्काउने सामानहरूको प्रयोगको कल्पना नगर्नु नै उपयुक्त छ। तापनि अहिले आएर मुसहर युवा युवतीहरूमा आधुनिक पहिरनको

प्रभाव बढ्दो छ । मौसमी श्रमको लागि बाहिर जाने क्रम बढ्दो छ । एकात्मक परिवार प्रथा बढ्दो छ । जातीय नेतृत्व प्रथा लोपोन्मुख छ । नागरिकताको प्रमाणपत्र लिने चासो बढ्दो छ । परिवार नियोजन प्रतिको चासो बढ्दो छ । कवीर र रामोत जस्ता धार्मिक अनुयायीहरूसँगको सम्पर्कले गर्दा मुसहरहरू ती धार्मिक आस्थाप्रति आकर्षित हुन थालेका छन् । यसरी मुसहर समाजमा जे जति परिवर्तन देखिन्छन् ती साधारण र सिलसिलाबद्ध छन् ।

### नेपालीकरण, संस्कृतिकरण र नगरीकरण

आठ दश पुर्खा अगाडिदेखि नेपालमा बसोबास गर्दै आएको पुर्ख्यौली इतिहास बताउने मुसहरहरू आफूलाई दिना र भद्रीका सन्तान बताउँछन् । दिना र भद्रीको मन्दिर सप्तरीको कटैयामा छ नेपालका मुसहरहरू आफ्नो मूलथलो कटैया भएको बताउन गर्व गर्छन् । फत्तेपुर, सप्तरीमा गरिएको अध्ययनमा नमुना छनौटमा परेका ५० घर मुसहरमध्ये घरसंख्या ३९ (७७%) ले नागरिकता नपाएको बताउँछन् । केवल ११ घर (२२%) ले मात्र नागरिकता पाएका छन् । ठूलो संख्याका मुसहरहरूले नागरिकता पाएका छैनन् र वेनागरिक बनेका छन् । वेनागरिक मुसहरहरू राज्यद्वारा प्रत्याभूत गरिने अत्यावश्यक मानवीय कुराहरू अर्थात् मानव अधिकारबाट वञ्चित छन् । वेनागरिक मुसहरहरूले नेपाललाई राष्ट्रको रुपमा अंगिकार गर्ने र समर्पणभाव व्यक्त गरी नेपालीकरणको प्रक्रियामा आउन सकिरहेका छैनन् । हाल संसदबाट विशेष नागरिकता विधेक पारित भैसकेको छ । त्यसले मुसहरहरूको नागरिकता समस्यालाई संबोधन गरी नेपालीकरणको प्रक्रियामा लैजाने छ भन्ने आशा गर्न सकिन्छ ।

मुसहरहरू हिन्दूवर्ण व्यवस्थामा दलित जाति हुन् । स्थानीय स्तरमा जसको प्रभाव बढी छ उसैको प्रभाव अरुको संस्कृतिमा पर्नु स्वाभाविक मानिन्छ । अध्ययन क्षेत्र फत्तेपुर गा.वि.स. पनि थारु प्रभावित क्षेत्र भएकोले मुसहरहरूको संस्कृतिका केही पक्षहरूमा थारु संस्कृतिको प्रभाव परेको छ । उदाहरणको निमित्त फत्तेपुर मुसहरहरू थारु र मैथिली मिश्रित भाषा बोल्दछन् ।

अध्ययन क्षेत्र फत्तेपुर विद्यालय, टेलिफोन, विजुली, हेल्थपोष्ट, यातायात र बजार सुविधाले सम्पन्न छ । फत्तेपुर बजार नजिकै सडक छेउ बस्ने मुसहरहरूका घरको बनावट फुसको छानो र बाँसका भाटाबाट बारबेर गरी निर्मित गरेका हुनाले विजुली, टेलिफोन, धारो आदि सबै सुविधाबाट वञ्चित छन् र नगरउन्मूख छैनन् । जमिन्दारको भूमि (कामत) मा बसोबास गर्ने मुसहरबस्तीहरूमा त आधुनिकीकरणका सुविधाको कल्पना नगर्नु नै उपयुक्त हुन्छ ।



### मुसहरहरूको समावेशीकरणको प्रमुख मुद्दा

आजकल नेपालको राजनीतिमा सर्वाधिक चर्चामा आएको शब्दावली "समावेशीकरण" हो । सामान्यत: सामाजिक, आर्थिक, राजनीतिक र भौगोलिक अवस्थामा मूलधारभन्दा टाढा रहेकाहरूलाई समावेश गर्ने प्रक्रियालाई "समावेशीकरण" (Inclusion) भन्दछन् ।

समाजशास्त्री र मानवशास्त्रीहरू भने समावेशीकरणका निमित्त पिछडिएका वर्गहरूको उत्थान र सशक्तिकरणलाई सँगसँगै लिएर जाने कुरा माथि जोड दिन्छन् । यहाँ मुसहरहरूको समावेशीकरणको मुद्दालाई विश्लेषण गर्नको निमित्त सर्वप्रथम दलितहरूको समावेशीकरणको मुद्दालाई सन्दर्भमा लिनु उपयुक्त देखिन्छ ।

दलित समुदायमाथि राज्यको शोषणको माध्यम राज्य प्रशासन नीति र विभेदयुक्त कानून गरी दुई प्रकारबाट भएकोले अहिलेसम्म दलितहरू सामाजिक आर्थिक रुपमा पछाडि परेका हुन् र राष्ट्रिय मूलधारमा समावेश हुन नसकेका हुन् ( विश्वकर्मा, विश्वकर्मा, २०६१) । दलितहरूको उत्थानका निमित्त २०५८ सालमा दलित आयोगको गठन भएको छ भने २०६१ मा दलित आरक्षण ऐन पारित भैसकेको छ । राज्यले दलितहरूको उत्थान र विकासका निमित्त लिएको नीतिको कार्यान्वयन पश्चात पनि हालसम्म दलितहरू पिछडिएका र समावेशीकरण प्रक्रियामा आउन सकेका छैनन् । राज्यले दलितहरूको समावेशीकरणको मुद्दालाई डा. हर्क गुरुङ्गद्वारा प्रतिपादित समावेशीकरणको मुद्दा (From exclusion to enclusion by Dr. Harka Gurung, May 2006) अनुरुप निम्नानुसार परिभाषित गरेका छन्-

**समावेशीकरणका मुद्दा**

| सामाजिक समूह | समस्या | मुद्दा |
|---|---|---|
| (क) दलित | **सामाजिक**<br>१. जाति विभेद<br><br>**आर्थिक**<br>१. न्यून साक्षरता<br>२. वेरोजगारी<br>३. सुकुम्वासी | १. धर्म निरपेक्ष राज्य<br>२. निशुल्क शिक्षा<br>३. वैकल्पिक जीविकोपार्जनका उपाय<br>४. जातिगत प्रतिनिधित्व<br>५. रैथाने र आप्रवासी पहिचान |
| | **राजनैतिक** | |
| | १. नगण्य प्रतिनिधित्व | |
| | २. नागरिकता समस्या (मधेशीका लागि मात्र) | |

*स्रोत:- डा. हर्क गुरुङ्ग, २००६ ।*

दलितहरूको उत्थान र सशक्तिकरणका लागि राज्यले दलित आयोगको गठन र आरक्षण नीतिको अख्तियारी पछि पनि तराईका दलित मुसहरहरू समावेशीकरण भित्र पर्न नसक्नुका मुख्य कारकहरू र मुद्दाहरूलाई तल चर्चा गरिएको छ:

**जाति विभेद**: दलित र गैर दलित बीच जाति विभेद व्यवहारमा कायमै छ। मुसहर मुसहर बीचमा नै विभेद छ। तिरौतिया मुसहरहरू आफूलाई अन्य मुसहरहरूभन्दा उच्च ठान्दछन्। अन्य मुसहरहरूसँग विहावारी गर्न चाहँदैनन्। त्यसैले मुसहरहको समावेशीकरणका निमित्त सशक्तिकरणको खाँचो छ।

**भूमि**: नेपाल सरकारको आरक्षण सम्बन्धी नीति, २०६१ अनुसार भूमिहीनहरूलाई आवासको लागि तराईमा प्रति परिवार ५ कट्ठा र पहाडमा ४ रोपनी जग्गा प्रदान गर्ने व्यवस्था भएता पनि कार्यान्वयनमा ढिलाई भएका कारणले हालसम्म मुसहरहरू सुकुम्बासी छन्। अध्ययनका लागि समावेश गरिएका ५० घरमुली मुसहरहरूको भू-स्वामित्वको लगत अध्ययनमा देखिए अनुसार ५० घरमुली मुसहरहरू नै भूमिहीन रहेका छन् अर्थात् शतप्रतिशत मुसहरहरू भूमिहीन/सुकुम्वासी छन्। आफ्ना जग्गा जमीन नभएको कारण अधिकांश मुसहरहरू जमीन्दारको जमीन र सरकारी ऐलानी जमीनमा वसोवास गरेका छन्। मुसहरहरूमा वर्गचेतना (class conciousness) नभएका कारण सामन्तवादी भूमि व्यवस्थाप्रतिको उनीहरूको दृष्टिकोण स्पष्ट हुन सकेको छैन।

**नागरिकता**: परम्परागत व्यवस्थामा जग्गाको लालपूर्जा (प्रमाण) पेश गर्न नसक्नेहरूले नागरिकता पाउँदैनन्। भूमिहीन मुसहरहरूले जग्गाको लालपूर्जा पेश गर्न सक्ने कुरै आउँदैन।

अध्ययनमा समावेश भएका ५० घरमुली मुसहरहरू मध्ये ३९ (७७%) घरमुली संख्याले नागरिकता प्राप्त गर्न सकेका छैनन्। नागरिकता प्राप्त गरेको घरमुली संख्या ११ (२२%) ले भने २०१८ सालको विफरको खोपको दाग पाखुरामा हेरेर नागरिकता दिने सरकारी नीति भएको वखत केहीले यस्तो दाग पाखुरामा देखाएर नागरिकता पाएका छन्। त्यस्तै गरी कसैकसैले जग्गाको लालपूर्जा भएको कारण नागरिकता पाएका छन्। ती लालपूर्जा देखाएर नागरिकता लिने मुसहरहरूले पनि पछि आफ्नो नामको जग्गा जमीन विक्री गरी हाल सुकुम्बासी भएका छन्। यसरी वहुसंख्यक मुसहरहरू वेनागरिक भएकाले राज्यविहीन छन्। राज्यविहीनताको अवस्थामा अत्यावश्यक कुराहरू अर्थात् मानव अधिकारका मागहरू राज्य समक्ष प्रस्तुत गर्न सकिरहेका छैनन्।

हालसालै संसदबाट नागरिकतासम्वन्धी विशेष विधेयक पारित भैसकेको छ आशा छ त्यसले मुसहरहरूको समस्यालाई सम्बोधन गर्न सक्ने छ।



**शिक्षा**: सामुदायिक विद्यालयमा निशुल्क शिक्षाको व्यवस्था राज्यवाट गरिए पनि भूमिहीनताका कारण मुसहरहरू अति गरीव छन्। गरीवका कारण जीविकोपार्जनको कठिनाईले गर्दा मुसहरहरूले आफ्ना वालवालिकाहरूलाई विद्यालय पठाउन सकिरहेका छैनन्।

अध्ययनमा समावेश भएका ५० घर मुसहरहरूका परिवारका ६ वर्षभन्दा माथिका कुल २२९ मुसहरहरूमध्ये १३ (५.७%) मात्र साक्षर छन् भने ठूलो संख्यामा २१६ (९४.३%) मुसहरहरू अशिक्षित छन्। साक्षर हुनेमा पनि पुरुषहरू मात्र पर्छन्। कुल ११६ मुसहर महिलाहरू सबै नै अशिक्षित छन् (हेर्नुहोस् तालिका ३)। यो प्रतिशत नेपालका मुसहर महिलाको शिक्षा ४% (वि.सं. २०५८ को जनगणना अनुरुप) सँग पनि तुलना गर्न नसकिने गरी तल्लो स्तरको छ। अर्थात् यस अध्ययनमा समावेश शतप्रतिशत महिलाहरू अशिक्षित छन्। यसो हुनुमा गरीव र विद्यालयन जान शुरु गरेका मुसहर वालवालिकाहरूको विद्यालय भर्ना एकदमै न्यून रहनु हो।

**रोजगार**: सप्तरी जिल्लाको कुल जनसंख्या मध्ये मुसहरहरूको जनसंख्या ५.२१% र फत्तेपुर गा.वि.स. को जनसंख्यामध्ये ६.३४% को रहेको छ। मुसहरहरूलाई समावेशीकरणको निमित्त जनसंख्याको प्रतिशतको आधारमा रोजगारको व्यवस्था हुनु पर्ने हो तर अधिकांश मुसहरहरू वेरोजगार छन्।

सप्तरी जिल्लाको राजविराज नगरपालिका भनौं वा जिल्ला विकास समितिको कार्यालय, सप्तरी भनौं वा नेपाल सरकारको कुनै पनि कार्यालयमा अध्ययनमा समावेश मुसहरहरू रोजगार (जागिरे) मा छैनन्। अध्ययनमा समावेश ५० घर मुसहर परिवार (१० वर्षभन्दा माथिका) कुल जनसंख्या १९३ मध्ये १४ (७.२५%) जनसंख्या जमिन्दारको घरमा घरेलु नोकरको रुपमा रोजगारी गर्ने वाहेक १७९ (९३.७५%) मुसहरहरू वेरोजगार छन् (हेर्नुहोस् तालिका ६)। निर्णय गर्ने निर्णायक तहमा त परै जाओस् भाँडा माझ्ने तहमा समेत रोजगारीको क्षेत्रमा सहभागी हुन पाएका छैनन्। मुसहरहरूको जीविकोपार्जनको निमित्त राज्यले रोजगारको प्रत्याभूति दिनुपर्छ सो हुन सकिरहेको छैन। यसले गर्दा समावेशीकरण प्रक्रियामा वाधा उत्पन्न भएको छ।

राज्यले दलितहरूको समावेशीकरणको मुद्दालाई विश्लेषण गर्दा डा. हर्क गुरुङ्गद्वारा प्रतिपादित समावेशीकरणको मुद्दालाई नै अवलम्वन गरी सम्पूर्ण दलितहरूलाई समान मापदण्ड राखेर विश्लेषण गर्न खोजेको देखिन्छ। यहाँ भन्न खोजिएको कुरा के हो भने दलित शब्द आफैं मात्र समावेशी हुँदैन। पहाडिया दलितको तुलनामा तराई दलितको सामाजिक- आर्थिक अवस्था एकदमै पिछडिएको छ। उदाहरणको लागि तराई दलितहरूमै पनि धोवी, तत्मा र पासवानहरूको सामाजिक-आर्थिक स्थिति मुसहर, चमार, डुम र हलखोरहरूको भन्दा राम्रो छ। त्यस्तैगरी सामाजिक तहमा दलित पुरुष र महिलाको स्थिति पनि फरक छ। यस अर्थमा मुसहरहरूलाई समावेशीकरण गर्नको निमित्त अन्य दलितहरू सरह समान

मापदण्ड राखेर विश्लेषण गर्ने होइन वरु आदिवासी जनजातिहरूको पाँच तहको समूह वर्गीकरण जस्तै तराई दलितहरूमा पनि समूह वर्गीकरण गरी छुट्टा छुट्टै वा फरक फरक नीति तय गरी मुसहरहरूलाई समावेशीकरणको प्रक्रियामा लैजाने नीति अवलम्वन गरिनु पर्दछ ।

तराई दलित मुसहरहरूको समावेशीकरणको कुरा गर्दा निम्न कुरामा ध्यान दिनु आवश्यक छ:

१. भेदभाव र सामाजिक वहिष्कार दलितहरूको दैनिक नियतिको एउटा अभिन्न अंग बनेको छ । यसैले गैर दलितहरूलाई अलग्गै राखेर समस्या बुझ्न सकिंदैन ।
२. दलितहरू एउटै सांस्कृतिक समूह पनि होइन । दलितहरूकै बीच मतभेदहरू छन् । सामाजिक र आर्थिक दृष्टिकोणले पहाडिया दलितहरू तराई दलितहरूभन्दा माथिल्लो तहमा छन् ।
३. सिङ्गो महिला समूहभित्र दलित महिलाहरू र अझ त्यसमा पनि मुसहर महिलाहरूलाई अलग्गै राखेर कसरी हेर्ने ?

**निष्कर्ष**

तराईका दलितहरू मध्ये दोस्रो संख्यामा रहेका मुसहरहरू पहाडिया दलितहरू भन्दा सामाजिक र आर्थिक रुपमा अत्यन्त पिछडिएका छन् । मुसहरहरूलाई समावेशीकरणमा आवद्ध गर्नका निमित्त शिक्षा, स्वास्थ्य, नागरिकता, जीविकोपार्जन, भूमि स्वामित्व जस्ता अत्यावश्यक मानवीय कुराहरू र मानव अधिकारलाई राज्यद्वारा प्रत्याभूत गरेपछि समावेशीकरणको पहिलोद्वार खुल्दछ । जनजातिले उठाएको समावेशीकरणको मुद्दा र पहाडिया दलितहरूले उठाएको मुद्दासँग तराई दलितहरूको मुद्दा समान हुन सक्दैन । अझ गहिराईमा गएर हेर्ने हो भने तराईकै दलितहरू धोवी, तत्मा र पासीहरूको मुद्दा र मुसहरहरूको मुद्दा समान हुन सक्दैन । त्यस्तै पुरुष मुसहर र महिला मुसहरको समावेशीकरणको मुद्दा एकै हुन सक्दैन किनकि उनीहरूबीचको स्थिति फरक छ । त्यसैले मुसहरहरूको समावेशीकरणको निमित्त उत्थान र सशक्तिकरणका साथै अत्यावश्यक मानवीय आवश्यकता र मानव अधिकारको प्रत्याभूति राज्यद्वारा विशेष मापदण्ड अनुरुप हुनुपर्दछ ।

**नोट**: यो लेख नेपाल र एशियाली अनुसन्धान केन्द्रबाट आ.व. २०५६/५७ मा संचालित "फत्तेपुर सप्तरीका मुसहरहरू एक अध्ययन" र आ.व. २०५७/०५९ मा संचालित "तराईका बासिन्दाहरूका जातीय इतिहास" (Ethnohistory of Tarai People) विषय अन्तर्गत सप्तरी र सिराहा जिल्लामा वसोवास गर्ने तराईमूलका बासिन्दाहरूको अनुसन्धानमा आधारित हुनुका साथै तथ्याङ्कलाई अद्यावधि गर्ने सन्दर्भमा २०६१ सालमा गरिएको स्थलगत अध्ययनसमेत गरी करीव चार महीनाको अवधिमा संकलित तथ्याङ्कहरूमा आधारित छ ।

**References/ सन्दर्भ सामग्रीहरू**




Burghart, Richard. 1996. *The Condition of Listening: Eassys on Religion, History and Politics in South Asia.* Delhi: Oxford University Press.

Bista, Dor Bahadur. 1972. *People of Nepal.* Kathmandu: Ratna Pustak Bhandar.

Crooke, W. 1987. *The Trebes and Castes of the North Western India*, Vol. 16 (IV). New Delhi: Cosmo Publications.

Central Bureau of Statistics (CBS). 1991. *Population Census*, Vol.I, Part VII, Kathmandu: HMG.

Central Bureau of Statistics (CBS). 2001. *Population Census*, HMG, Kathamandu.

Dahal, Dilli Ram. 1978. *Indian Ethnic Groups in Nepal Tarai : A Study of Immigration Pattern and Socio-economic Behavior.* Kathmandu: CNAS, T.U.

Dumont, L. (1980). *Homo Hierarchicus: The Caste System and its Implications.* Chicago: University of Chicago Press.

Gaige, Fedric H. 1975. *Rigionaalism and National Unity in Nepal.* Berkley: The University Press.

Gautam, Rajesh and Ashok Kumar Thapa, 1994, *Tribal Ethnography of Nepal*, Vol. II, Delhi: Book Faith, India.

Jha, Hari Bamsha. 1993. *The Terai Community and National Integration in Nepal.* Kathmandu: CETS.

Ghurye, G.S. 1961. *Caste Class and Occupation.* Bombay: Popular Book Department.

Mandal, Mishrilal. 2001. *A Study on Social and Economic Condition of Mushahar*, Saptari District (M.A. Thesis Submitted to Tri-Chandra Campus, So/An. Department of Ghantaghar.

Nesfield, Calcutta Review. Vol. 2 LXXXVI 1985. Cited by Crooke W. 1987. The Tribes and Castes of the North Western India, Vol. 16, IV, Cosmo Publication, New Delhi, India.

Pokhrel, Bhabani. 1997. *An Ethnographic Study of Musahar of Khaji Kovara of Morang District, Biratnagar Municipality.* A dissertation submitted to Central Department of Sociology/anthropology, Kirtipur, T.U.

Pokheral, Manisha. 1998. *Musharar's Social Life and Customs Paklihava VDC Nawalparasi,* Unpublished M.A. Thesis, T.U.

Rajaure, Drona Prasad. 1977. *An Anthropological Study of the Tharus of Dang-Deokhuri.* Kathmandu: CNAS, T.U.

Resley, H.H. 1891. "Tribe and Customs of Bengal" *India* vol.II, p. 475. Calcutta.

Sharma, Shreekanta. 1953. *History of Mithila*, Janakpur : Mithil Publication Laharisari, p. 18.

Shrestha, D.B. and B.M. Pardhan. 1975. *Ethnic Groups of Nepal and their ways of Living. Kathmandu:* Amar Press, Ason.

Singh, K.S. 1993. "The Scheduled Castes" Revised edition, *Survey of India*, New Delhi: Oxford University Press.

Seymour- Smith, Charlotte. 1986. *MacMillan Dictionary of Anthropology.* London: The MacMillan Press.

Sri Nivas, M.N. 1962. *Caste in Modern India and Other Essays.* Bombay: Asia Publishing House.

अर्याल, भरतकान्त, १९९७, *रामनगर मिर्चैयाका मुसहर जातिको सामाजिक तथा आर्थिक अवस्था: एक अध्ययन,* अप्रकाशित एम.ए. थेसिस, त्रि.वि. ।

कर्माचार्य, दिपा, १९९९, *मुसहर जातिको सामाजिक, संस्कृति तथा आर्थिक अवस्थाः उदयपुर जिल्ला, सुन्दरपुर गा.वि.स. का मुसहरहरू एक अध्ययन,* अप्रकाशित एम.ए. थेसिस, त्रि.वि. ।

गौतम, राजेश, २०४५, "मुसहर सामाजिक परम्परा एक अध्ययन" *प्रज्ञा,* वर्ष १७, अंक ३, पूर्णाङ्क ६५, काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

गुरुङ, हर्क, २००२ *जनगणना–२००१ ई. अनुसार जातीय तथ्यांक प्रारम्भिक लेखाजोखा,* काठमाडौंः धर्मोदय सभा, बुद्ध विहार, भृकुटी मण्डप ।

दवाडी, गिरिराज, २०५१, *मुसहर जातिको सामाजिक-आर्थिक अवस्था, सुनसरी जिल्ला वक्लौरी गा.वि.स.का मुसहरहरू एक अध्ययन,* समाजशास्त्र/ मानवशास्त्र केन्द्रिय विभाग, त्रि.वि. कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

दाहाल, महेशराज, २०५३, *मुसहर जाति एक अध्ययनः मोरङ जिल्लाको डाँगीहाट र बाहुनी गा.वि.स.* (अप्रकाशित प्रतिवेदन), त्रि.वि. अनुसन्धान महाशाखा, पृ. १६ ।

दुलाल, लोकनाथ, २०५८, *मुसहर जातिको सामाजिक एवं आर्थिक जनजीवन एक अध्ययनः डाँगीहाट गाउँ विकास समिति मोरङ,* विश्वविद्यालय अनुदान आयोग, अप्रकाशित प्रतिवेदन ।

पासवान, रामप्रीत, २०५३, "राजा भिल्लका सन्तान मुसहर जाति" *प्रतिपक्ष साप्ताहिक,* २०५३ असार २१ गते शुक्रवार ।

विश्वकर्मा, विमल र विश्वकर्मा लुमा सिंह, २०६१, *नेपालमा दलित समुदायको लागि आरक्षणको स्वरूप,* दलित गैरसरकारी संस्था महासंघ, कमलपोखरी ।

क्षेत्री र दाहाल (२०५५), *पूर्वी नेपालको तराइका मुसहरहरूः एक अध्ययन* (अप्रकाशित प्रतिवेदन) ने.ए.अ. केन्द्र, त्रि.वि., कीर्तिपुर ।

# उत्तर औपनिवेशिक भारतीय रंगमन्चको सापेक्षतामा नेपाली रंगमन्चको वर्तमान अवस्था

**शिव रिजाल**

## पृष्ठभूमि

दक्षिण एशियाली रंगमन्चका बहुल धारहरू छन् । विविधता यसको प्रमुख विशेषता हो । यस क्षेत्रका विभिन्न धर्म, सँस्कृति, जात, समूह, क्षेत्र र समयका प्रदर्शन कलाहरू अनन्तकालदेखि नदीझैं मिसिँदै र छुटिंदै वा आफ्नो अस्तित्व कायम राख्दै आईरहेका छन् । दक्षिण एशियाली रंगमन्चको अर्को विशेषताचाहिँ यहाँका प्रदर्शन कलाहरू (Performing Art) हरूबीच रहेको अन्तर-सम्बन्ध हो । भरतमुनिको नाट्यशास्त्रमा व्याख्या गरिएका नाट्य शैली र तत्वहरू यस भेगका शास्त्रीय र लोक साँस्कृतिक प्रदर्शन कलाहरूमा देख्न सकिन्छ । त्यस्तैगरी यस भेगका आधुनिक नाटकहरूमा पश्चिमी र पूर्वीय रंगमन्च शैलीका प्रभाव उत्तिकै मात्रामा देखिन्छन् । भारतीय विद्वान कपिला वात्स्यायनका विचारमा हाम्रा प्रदर्शन कलाहरूलाई पश्चिमीलेझैं फरक फरक बिधा र समूहमा छुट्याउँने परम्परा यहाँ पहिले थिएनन् । पश्चिमी शैलीअनुसार यस भेगका कला र साहित्यलाई वर्गीकरण गरेर हामीले हेर्ने गरेको बीसौं शताब्दीदेखि मात्र हो ।[1] यताको जीवनमा धार्मिक र सार्वभौमिक तत्वहरू सनातन रूपमा मिलेर रहेकोवाट पनि हाम्रो सँस्कृति र कलाको मर्म बुझ्न सकिन्छ । काठमाडौं उपत्यकामा प्राचीन कालदेखि आजसम्म चलिरहेको सँस्कृति, कला र जीवनको अन्तर-सम्बन्धलाई मेरी शेफर्ड यसरी लेख्नु हुन्छ । "यहाँ सार्वभौमिक जीवन र धार्मिक संसारमा चल्ने ओहोर दोहोर एउटा दैनिक घटना हो । घरभित्र रहेका स–साना मन्दिर तथा मन्दिरभित्र र त्यसको परिसरमा चल्ने पूजा, विवाह, भोज, गफ र थकाई बिसाउने स्थलको रूपमा उक्त स्थानको प्रयोग भएको देख्दा यहाँको कला र जीवन दुवैमा सार्वभौमिक र धार्मिकजगतबीचको सन्तुलन देखिन्छ" (१२८) ।[2] यसवाट हामीले आधुनिक समयमा धार्मिक, साहित्यिक र कलात्मक भनी तानिएका समीक्षात्मक र संरचनात्मक रेखाहरूको पुनर्मूल्याङ्कन गर्नु पर्ने देखिन्छ । प्राचीन र मध्यकालदेखि चलिआएका कला र संस्कृतिले हाम्रो समयमा कला सम्वन्धमा रहेको सीमित दृष्टिलाई फराकिलो बनाउन मद्दत गर्छ ।

ईशाको अठारौं शताब्दीको पाँचौ दशकदेखि नै पश्चिमी शैलीका वन्द रंगमन्च र अँग्रेजी नाटकहरूको मन्चन भारतको कलकत्ता, मद्रास र मुम्वईमा हुन थालिसकेको थियो । आरम्भमा यस्ता रंगमन्च अँग्रेजहरूले इष्ट इन्डिया कम्पनीको मातहतका अँग्रेजहरूलाई अँग्रेजी नाटक देखाउनको निम्ति खोलेका थिए । दक्षिण एशियाली रंगमन्चमा यो एउटा महत्त्वपूर्ण घटना भएर रह्यो । पश्चिमी शैलीमा गरिने नाट्य परम्पराको प्रवेश दक्षिण एशियामा त्यस बेलाको अँग्रेज साम्राज्य रहेका भारतका प्रमुख शहरहरूवाट शुरु भयो । त्यसपछि पश्चिमेली रंगमन्च पश्चिमेली शैलीको

*Contributions to Nepalese Studies*, Vol. 33, No. 2 (July 2006), 275–301
Copyright © 2006 CNAS/TU